# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : हरिवन नगरपालिका, सर्लाही , हरिवन नगरपालिका , सर्लाही

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुरेन्द्र प्रधान | २०७८-११-४ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | खरुदेव चुडाल | २०७७-४-१ | २०७८-१०-७ |
| लेखा प्रमुख | प्रतिक कार्की | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३८,३९५,७२६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १३,०६,७०,२०३.७५ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५०,०८,०८,५६६ | **चालु खर्च** | ६३,१२,५६,६८०.४३ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,१७,४२,००० | **पूँजीगत खर्च** | ४०,२०,८२,४४८.९ |
| **राजश्व बाँडफाँट** | १०,७४,४३,९२६.६८ | **वित्तीय/अन्य व्यवस्था** | १,७६,२५,२०४.७१ |
| **आन्तरिक आय** | २,१७,८४,९८४.३ | | |
| **अन्य आय** | ३८,७०,०९,५८५.५८ | | |
| **कुल आय** | १,०४,८७,८९,०६२.५६ | **कुल खर्च** | १,०५,०९,६४,३३४.०४ |
| **बाँकी मौज्दात** | | १२,८४,९४,९३२.२७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस हरिवन नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ ।यस पालिकामा ११ वडा, ८६.०६ वर्ग किलोमिटर क्षेत्रफल तथा ४२७८३ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्धन पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निक्यौंल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर व्यवस्थापन पक्षसँग मिति २०७९।......मा छलफल सम्पन्न भएको छ । छलफल पछि कायम भएका व्यहोरा निम्नानुसार छन् । | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षाबापतको बैकमा वितरण गरी बाकी रहेको रकम कार्यालयले यकिन गरी फिर्ता गर्नुपर्ने भनी औल्याएकोमा नेपाल बैकबाट रु ५०९९४५५।०, ग्लोबल बैकबाट रु ५०७२८।०, एन आइसि बैकबाट रु २३९८५०।०, मेघा बैकबाट रु२४९६०५।० गरी जम्मा रु ५६३९६३९।० बैकबाट फिर्ता हुनुपर्ने रकम फिर्ता भई दाखिला भएको छ । | |
| ४ | | | **वित्तिय प्रतिवेदन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०७८।७९ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| विवरण | टिप्पणी | यस वर्ष रु. | | |
|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ८४,४५,२९,३४७.२३ | ७६,९१,७१,५५६.५० | ७६,९१,७१,५५६.५० |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ८१,९४,८६,७६०.०० | ७५,४०,३२,७८६.९८ | ७५,४०,३२,७८६.९८ |
| ११००० कर | ११ | १७,९४,५५,०००.०० | १८,८७,३५,९६७.९३ | १८,८७,३५,९६७.९३ |
| १३००० अनुदान | | ५७,४२,७१,७६०.०० | ५३,२५,५०,५६६.०० | ५३,२५,५०,५६६.०० |
| संघीय सरकार | १२ | ५४,१९,२९,७६०.०० | ५०,०८,०८,५६६.०० | ५०,०८,०८,५६६.०० |
| प्रदेश सरकार | १२ | ३,२३,४२,०००.०० | ३,१७,४२,०००.०० | ३,१७,४२,०००.०० |
| १४००० अन्य राजस्व | | १,५६,६०,०००.०० | ८४,४३,०१३.९४ | ८४,४३,०१३.९४ |
| १५००० विविध प्राप्ति | | १,००,०००.०० | २४,६७,६२४.११ | २४,६७,६२४.११ |
| ३३००० दायित्व | | ५,००,००,०००.०० | २,१८,३५,६१५.०० | २,१८,३५,६१५.०० |
| ख. अन्य प्राप्ति | | २,५०,४२,५८७.२३ | १,५१,३८,७६९.५२ | १,५१,३८,७६९.५२ |
| वितरण गर्न बाकी राजस्व | | ० | ४,४२,०००.०० | ४,४२,०००.०० |
| कोषहरु | | २,५०,४२,५८७.२३ | ४९,३१,२३४.३५ | ४९,३१,२३४.३५ |
| धरौटी | | ० | ९७,६५,५३५.१७ | ९७,६५,५३५.१७ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | १,१०,६६,४३,६३१.२३ | ७७,२२,५९,४१३.६३ | ७७,२२,५९,४१३.६३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १,०८,१६,०१,०४४.०० | ७५,५०,३६,६२४.९१ | ७५,५०,३६,६२४.९१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २१००० पारिश्रमिक / सुविधा | १८ | १८,०४,३३,०००.०० | १६,५३,७४,४०२.९२ | १६,५३,७४,४०२.९२ | | |
| | | | | २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १६,९३,३१,०००.०० | ९,८८,५४,६७६.९६ | ९,८८,५४,६७६.९६ | | |
| | | | | २४००० ब्याज, सेवा शुल्क तथा बैंक कमिशन | १८ | १,७७,००,०००.०० | १,७६,२५,२०४.७१ | १,७६,२५,२०४.७१ | | |
| | | | | २५००० सहायता (Subsidy) | १८ | १,८७,९८,०००.०० | ८३,८५,६२१.१४ | ८३,८५,६२१.१४ | | |
| | | | | २६००० अनुदान | १८ | ३,७३,१७,०००.०० | ३,११,५२,१८९.५५ | ३,११,५२,१८९.५५ | | |
| | | | | २७००० सामाजिक सुरक्षा | १८ | ३,०७,४०,०००.०० | १,१३,५७,१८०.६२ | १,१३,५७,१८०.६२ | | |
| | | | | २८००० अन्य खर्च | १८ | ५,३५,२०,५८१.५० | ५,२८,३८,२४१.५० | ५,२८,३८,२४१.५० | | |
| | | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ५७,२७,६१,४६२.५० | ३६,९४,४९,१०७.५१ | ३६,९४,४९,१०७.५१ | | |
| | | | | ३२००० वित्तीय सम्पत्ति | १८ | १०,००,०००.०० | ० | ० | | |
| | | | | घ. अन्य भूक्तानी | | २,५०,४२,५८७.२३ | १,७२,२२,७८८.७२ | १,७२,२२,७८८.७२ | | |
| | | | | कोषहरु | | २,५०,४२,५८७.२३ | १,२३,९७,९९२.९७ | १,२३,९७,९९२.९७ | | |
| | | | | धरौटी | | ० | ४८,२४,७९५.७५ | ४८,२४,७९५.७५ | | |
| | | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | | |
| | | | | ङ. यो वर्षको बचत (न्युन) | | (२६,२१,१४,२८४.०० ) | (३०,८७,८५७.१३) | (३०,८७,८५७.१३) | | |
| | | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | १३,१९,९६,८११.४० | १३,१९,९६,८११.४० | | |
| | | | | वर्षान्तको बाकी रकम (ङ + च) | | (२६,२१,१४,२८४.०० ) | १२,८९,०८,९५४.२७ | १२,८९,०८,९५४.२७ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बैंक तथा नगद बाकी \| २४ \| \| १२,८९,१०,४२०.२७ \| १२,८९,१०,४२०.२७ | |
| ५ | | | **वित्तिय प्रतिवेदन** | |
| ५.१ | | | **वित्तीय विवरणको यथार्थता-** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोवार लेखांकन गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण *स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको* एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ ।तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु १९५२५७६०६।५१ एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३२६३३३४१।३६ गरी रु २२७८९०९४७।८७ सुत्रमा लेखा राखेको छैन । जसले गर्दा सुत्र प्रणालीवाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ । | |
| ५.२ | | | **बैङ्क हिसाव विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ । पालिकाले म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण भिडान गरेको देखिएन । पालिकाले बैङ्क हिसाव विवरण तयार नगरेको कारण निम्नानुसारको खातामा स्रेस्ता र वर्षान्तको बैङ्क मौज्दातमा देहाय अनुसार फरक परेको छ । | |



https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>खाता</th><th>सुत्र अनुसार मौज्दात रु.</th><th>बैङ्क स्टेटमेन्ट अनुसार वर्षान्तको मौज्दात रु.</th><th>फरक रु.</th></tr>
<tr><td>स्थानीय तह सञ्चित कोष खाता</td><td>४,७८,०२,२३९.१३</td><td>४,७८,०२,२३९.१३</td><td>०</td></tr>
<tr><td>चालु खर्च खाता</td><td>२,१९,५०,४४८.६०</td><td>२,१९,५०,४४८.६०</td><td>०</td></tr>
<tr><td>पुँजीगत खर्च खाता</td><td>२,१८,६५,४५८.४९</td><td>२,१८,६५,४५८.४९</td><td>०</td></tr>
<tr><td>विविध कोष खाता</td><td>३५,२९,६३७.६४</td><td>३५,२९,६३७.६४</td><td>०</td></tr>
<tr><td>प्रकोप व्यवस्थापन कोष खाता</td><td>१८,४९,९५१.३९</td><td>१८,४९,९५१.३९</td><td>०</td></tr>
<tr><td>स्थानीय विभाज्य कोष</td><td>४,४२,०००.००</td><td>०</td><td>४४२०००</td></tr>
<tr><td>विविध कोष खाता खाता</td><td>७,१४,०३२.९५</td><td>७,१४,०३२.९५</td><td>०</td></tr>
<tr><td>धरौटी मौज्दात</td><td>३,०७,७८,३५४.०७</td><td>३,०७,७८,३५४.०७</td><td>०</td></tr>
<tr><td>ग१.१, आन्तरिक राजस्व खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>बैङ्क मौज्दात</td><td>१२८९३२१२२.२७</td><td>१२८४९०१२२.२७</td><td>४४२०००</td></tr>
</table>
श्रेस्तामा वढी रहेको रु ४४२००० को सम्वन्धमा विभाज्य कोषवाट प्रदेश सरकारमा दाखिला गरेपनि सुत्रको प्राविधिक समस्याले गर्दा श्रेस्ता अनुसार वाकि रु ४४२००० देखाएको र छलफलको क्रममा दाखिला भौचरसमेत पेश भएको देखिन्छ। पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाव मिलान गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>५.३</td><td></td><td></td><td>फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाव यकिन गर्नुपर्दछ । गत वर्षको एकीकृत आय व्यय विवरणमा अन्तिम मौज्दात रु. बाँक मौदात बाँक मौदात १३,००,३१,७१८.९२ रहेकोमा यो वर्षको एकीकृत आय व्यय विवरणमा शुरु मौज्दात रु १३०६७०२०३.७५ जिम्मेवारी सारेको देखिएकोले वढी जिम्मेवारी सारेको रु ६३८४८४।०४ को सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्नुपर्दछ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५.४ | | | **सञ्चित कोषमा स्थानान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. २,१९,५०,४४८.६० र पुँजीगत खातामा रु. २,१८,६५,४५८.४९ गरी रु. ४३८१५९०७।०९ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ। | |
| ५.५ | | | **फरक हिसाव** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२ ) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार गत वर्षको जिम्मेवारी रु १३२६६०७.६५, यस वर्षको प्राप्ति रु. २७९६१७५०६.०६ यस वर्षको भुक्तानी रु. २७८७०४९२०.४१ र बैङ्क मौज्दात रु १२८४९४९३२.२७ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । | |

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति (आय) | यसवर्षको भुक्तानी (व्यय ) | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १३१९९६८११.४ | ७६९१७१५५६.५ | ७७२२५९४१३.६३ | १२८९०८९५४.२७ |
| एकीकृत आर्थिक विवरण अनुसार | १३०६७०२०३.७५ | १०४८७८९०६२.५६ | १०५०९६४३३४.०४ | १२८४९४९३२.२७ |
| फरक | १३२६६०७.६५ | २७९६१७५०६.०६ | २७८७०४९२०.४१ | ४१४०२२. |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **अनुदान फिर्ता**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन ( म.ले.प.फा.नं २७२ ) को अनुसूची २१ फिर्ता गर्न बाँकी अनुदान रु. ४,८६,०४,९७२.५४ देखाएकोमा ०७९।०५।१६मा मात्र फिर्ता गरेको देखिएकोले समयमै फिर्ता हुनुपर्दछ। | |
| ७ | | | **सेवा प्रवाह** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.१ | | | **कर्मचारी व्यवस्था** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 मा स्थानीय तहले स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरबन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । पालिकाको कुल स्वीकृत दरवन्दी संख्या ८४ रहेकोमा ६७ जना पदपुर्ति देखिन्छ । सो मध्ये ३ जना करारमा कार्यरत, ८ दरवन्दी फाजिलमा रहेको छ । पालिकाद्धारा स्वीकृत गरिएका अस्थायी करार तथा ज्यालादारी दरवन्दी १०२ जना कार्यरत रहेको देखिन्छ । स्थायी दरवन्दी तर्फ १७ कर्मचारी रिक्त देखिनु ५ अस्थायी तथा ज्यालादारी कर्मचारी दरवन्दी धेरै सिर्जना गरी कर्मचारी भर्ना गरिनुले चालु खर्च अत्यधिक रहेको छ । स्थायी पदपुर्तिका लागि प्रकृया पुरा गरी पदपुर्ति गरिनुपर्दछ । | |
| ७.२ | | | **सेवा प्रवाहः** स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११(२) मा नगरपालीकाको काम कर्तव्य र अधिकार सम्बन्धि व्यवस्था छ ।पालिकाले यस वर्ष निम्नानुसार सेवा प्रवाह गरेको विवरणवाट देखिन्छ । सेवा प्रवाहलाई छिटो छरितो र सुलभ वनाई सत्य तथ्य रुपमा प्रदान गरिनुपर्दछ ।<br><br>विवरण — सिफारिस संख्या<br>नागरिकता सिफारिस — २७४६<br>घरबाटो सिफारिस — ३०२३<br>नाता प्रमाणित — १५८४<br>जन्म मृत्यु दर्ता — १७३५<br>घर नक्सा पास तथा सम्पन्न — ५६<br>अन्य — १२१९४<br><br>यसरी सिफारसि संख्याहरु निवेदन दिएको भन्दा घटी संख्यामा दिएको देखिन्छ भने घरनक्सा पास ११३ ले निवेदन दिएकोमा ४६ वटा अस्थायी अनुमति र १० वटा निर्माण सम्पन्नको प्रमाणपत्र दिएको देखिन्छ । नगरपालिकामा यस वर्ष ११३ मात्र घर निर्माणको नक्सा पास निवेदन प्राप्त भएकोमा यति मात्र घर निर्माण भए त भन्ने आधार नभएकोले सबै घर निर्माणलाई नक्सापास गर्न प्रोत्साहित गरिनुपर्दछ । | |
| ७.३ | | | **विवाद निरुपणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकामा यस वर्ष १८४ र विगत वर्षकी ३ समेत गरी १८४ विवादको निवेदन परेकोमा १६८ फरफारक गरी १९ निवदन बाँकी देखिन्छ । समयमा विवाद निरुपण गरी सेवा प्रवाह प्रभावकारी बनाइनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७.४ | | | **चौमासिक खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३६ एंव वजेट बक्तव्य, २०७८ अनुसार पूँजीगत खर्च आर्थिक वर्षको अन्तिम ३ महिनामा ४० प्रतिशत र असारमा मात्र २० प्रतिशत भन्दा बढी खर्च गर्न नपाईने व्यवस्था छ। पालिकाले यस वर्ष कुल पूजीगत खर्च रु ३६९४५००००।० गरेकोमा प्रथम चौमासिकमा रु ४८१४८०००।० दोश्रो चौमासिकमा रु ४११२७०००।० र तेश्री चौमासिकमा रु २८०१७५०००।० खर्च गरेको छ। असारमा मात्र रु १२४११४०००।० खर्च गरी कुल पूजीगत खर्चको ३४ प्रतिशत असारमा मात्र खर्च गरेको देखिन्छ। अन्तिम चौमासिकमा मात्र ७५ प्रतिशत खर्च गरेको छ। यसरी अन्तिम चौमासिकमा आएर बढी खर्च गर्ने प्रवृत्ती निरुत्साहित गरी समयमा निर्माण कार्यको प्रकृया टुङ्गाई खर्च समेत समयमा गरिनुपर्दछ। | |
| ७.५ | | | **क्षेत्रगत बजेट र खर्चः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ मा पालिकाले विभिन्न प्राथमिकता तोकि कार्यक्रम तयार गर्नुपर्ने व्यवस्था छ। यस वर्ष पालिकाले निम्नानुसार क्षेत्रमा वजेटको वाँडफाड गरेको देखिन्छ। सो बाडफाड अनुसार शशक्त रुपमा कार्यान्वयन हुन सकेको देखिदैन। | |

| मूख्य क्षेत्र | विनियोजन (०००) | खर्च (०००) | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५९३३० | २५५०८ | ४३ |
| सामाजिक क्षेत्र | ३४००७८ | २३२७३० | ६८ |
| पूर्वाधार विकास | ४०७९०० | २६८४८३ | ६६ |
| सुशासन | ७८३३५ | ७३७६६ | ९४ |

यसरी विनियोजित बजेटमा विकासात्मक कार्यहरुमा छुट्याएको बजेट न्यून खर्च भै कार्यालय संचालन तथा कर्मचारी खर्चमा बढी खर्च गरेको देखिन्छ। तसर्थ वार्षिक विनियोजन तथा लक्ष्य अनुसार प्रगति गर्ने तर्फ ध्यान दिईनुपर्दछ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७.६</td><td></td><td></td><td>
योजनाको प्राथमिकीरण - स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले यस आर्थिक वर्षमा निम्नानुसार ११ वडाको लागि वडागत र नगरपालिकास्तरका कुल ३१९ योजनामा वजेट विनियोजन गरेको छ।
<table>
<tr><th>क्र. सं.</th><th>कार्यक्रमको नाम</th><th>योजना सङ्ख्या</th><th>रु.२० लाखमाथिका योजना सङ्ख्या</th><th>रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या</th><th>रु.५लाख भन्दा कमका योजना सङ्ख्या</th></tr>
<tr><td>१.</td><td>पालिकास्तरीय</td><td>१४४</td><td>१२</td><td>२१</td><td>१११</td></tr>
<tr><td>२.</td><td>वडा स्तरीय</td><td>१७५</td><td>३</td><td>२८</td><td>१४४</td></tr>
</table>
कार्यक्रम संख्या धेरै भएता पनि चालु खर्चका कार्यक्रम र संघिय अनुदान कार्यक्रम समावेश गरेकोले पालिकाको विकासात्मक तथा पूजीगत कार्यक्रम मात्र समावेश गरी कार्यक्रम तय गरेको छैन । वडा स्तरिय वजेटमा ३ वटा मात्र रु २० लाख भन्दा बढीका योजना रहेकोमा २ वटा वडा कार्यालय निर्माण गर्ने कार्यक्रम छ । यसरी साना कार्यक्रममा नै बजेट विनियोजन बढी देखिएको हुदा पूजीगत कार्यक्रम दिगो र भरपर्दो बनाउनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>
आन्तरिक नियन्त्रणः
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३१ मा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्ने व्यवस्था छ। नगरस्थानीय तहले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन् ।
<ul>
<li>· पालिकाले केही कार्यक्रमहरु अनुगमन समेत गरेको देखिएन । साथै उपभोक्ताले पेश गर्नुपर्ने कागजात फारम खाली हुने गरेकोले खर्चको सार्वजनिककरण गरेको छ भन्ने स्थिति भएन ।</li>
<li>चिनीमिल संग प्रति वोरा रु २१ का रले प्रदुशण नियन्त्रण शुल्क असुल गर्ने निर्णय गरेकोमा सो रकम असुल गरेको छैन ।</li>
<li>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा जटिल प्रकृतिका कार्यहरु उपभोक्तावाट गराउन नहुने व्यवस्था भएकोमा पनि पालिकाले कल्भर्ट(गाडी चल्ने नै पुल) खेलकुद तथा बाटीकामा एक्साभेटर प्रयोग गर्ने जस्ता प्रकृतिका कार्य पनि उपभोक्ता समितिवाट गराएको छ ।</li>
</ul>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>
पेश्की बाँकी-
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु ११७९८४४० बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.४९०००० फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु...
</td><td>४९०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| पेश्कीलिने | विवरण | म्याद नाघेको | म्याद ननाघेको |
|---|---|---|---|
| ओम साई निर्माणसेवा प्रा लि | विद्यालयको भौतिकपूर्वाधार निर्माण अनुदान | ० | ४०००० |
| एक्सिस एसियनकस्ट्रक्सन | हरिवन नगरपालिकारिङरोड निर्माण समपुरक कोष | | १४००००० |
| विकोइ धुलिखेलजेभि | हरिवन बजार व्यापारिकभवन निर्माण | | ५३८२१९५ |
| सि एम स्लेटगोपिनी गंगा जे भि | कैलाशपुर पर्यटकियस्थल तथा वन बाटिका पर्यटन प्रवर्द्धन | | ५०००००० |
| सि एम स्लेटगोपिनी गंगा जे भि | कैलाशपुर पर्यटकियस्थल तथा वन बाटिका पर्यटन प्रवर्द्धन | | ३६००००० |
| बागमतीकस्ट्रक्सन | सामुदायिक भवन निर्माणहरिवन | | ३००००० |
| एक्सिस एसियनकस्ट्रक्सन | हरिवन नगरपालिकारिङरोड निर्माण समपुरक कोष | | १४००००० |
| नेपाल विद्युतप्राधिकरण | अन्य सार्वजनिकनिर्माण | | १२६२४५ |
| नेपाल विद्युतप्राधिकरण | वडा नं १ का आवश्यकस्थानमा विद्युतिकरण | | ५००००० |
| नेपाल विद्युतप्राधिकरण | वडा नं १ का आवश्यकस्थानमा विद्युतिकरण | | १०००००० |
| नेपाल विद्युतप्राधिकरण | विजुली पोलतार खरिद | | २००००० |
| सासापुरस्वास्थ्य चौकि सर्लाही | मातृ तथा नवशिशुकार्यक्रम | १५०००० | |
| शेकराज आचार्य | सवारी साधन मर्मत | ५०००० | |
| हरिदास कथबनिया | सवारी साधन मर्मत | २०००० | |
| दुर्गा बहादुरबुढाथोकी | सवारी साधन मर्मत | २०००० | |
| श्याम विनोदकुशहवा | पानी विजुली | ५०००० | |
| हिमाल गुरुङ | community Develoment | २००००० | |
| | जम्मा | ४९०००० | १९३०८४४० |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |
| १० | | | **नगरपालिका चालुतर्फको तलव** | |
| १०.१ | | | निजामती सेवा ऐन, २०४९ को दफा ६(ख)(२) अनुसार कार्यालयले जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कार्यालयका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले कर्मचारी पारिश्रमिक, पोशाकमा र महंगी भत्तागरी नगरपालिका चालुवाट रु २२५३१९४४ खर्च लेखेकोमा तलवी प्रतिवेदन पारित गरेको छैन।साथै प्रारम्भिक वालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ता र विधालयका कर्मचारीकवापतको पारिश्रमिक रु ४६८६००० समेत पारिश्रमिक कर्मचारी शिर्षकवाटै खर्च लेखेको छ। अत तलवी प्नतिवेदन पारित नभएको र वालविकास केन्द्रमा कार्यरत सहयोगी र विधालयका कर्मचारीको पारिश्रमिकसमेत यसै शिर्षकवाट खर्च लेखेकोले तलव तथा ग्रेडको सम्वन्धमा एकिन गर्न सकिएन। ऐनको व्यवस्था पालना गरी तलवी प्रतिवेदन पारित गराई तलव भत्ता खर्च गर्नुपर्दछ। | |
| १०.२ | | | **बाल विकास तथा विधालय सहयोगीको तलव विधालयमा निकासाः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ मा स्थानिय तहले विधालय र विधालयसंग मातृसम्वन्ध स्थापनागरी संचालनमा रहेका प्रारम्भिक वाल विकास केन्द्रका सहजकर्ताको पारिश्रमित प्रतिमहिना रु ८००० को दरले चाडपर्व सहित हुनआउने १३ महिनाको रकम विधालयको खातामा अनुदान दिने व्यवस्था छ।साथै नेपाल सरकारले निर्धारण गरे वमोजिमको न्युनतम पारिश्रमिक रु १५००० पुर्याउदा थपगर्नुपर्ने रकम सम्वन्धित स्थानिय तहले व्यहोर्नु पर्ने र यसरी पारिश्रमिक अनदान दिदा विधालयले प्रमाणित हाजिरी र सिफारिस पेश गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले पालिका चालुतर्फ विभिन्न विधालयका वालविकास तथा विधालय सहयोगीलाई नगरसभाको निर्णय वमोजिम स्थानियले व्यहोर्न् रु ७००० कादरले रु ४६८६००० समेत पारिश्रमिक कर्मचारी शिर्षकवाट खर्च लेखेको छ। खर्च लेख्दा विधालयको प्रमाणित हाजिरी र सिफारिस पेश गरेको छैन भने इमिसमा प्रारम्भिक वाल कक्षाको तथ्याकं अनिवार्य रुपमा भर्नुपर्नेमा सो वमोजिम भरेको प्रमाण पेश हुन सकेन। अत इमिसमा गरेको वालकक्षाको तथ्यांक र विधालयको प्रमाणित हाजिर एवम सिफारिस नराखी भुक्तानीदिने परिपाटी नियन्त्रण गरिनु पर्दछ। | |
| ११ | | | **स्वकिय सचिवको पारिश्रमिक**<br>स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७५ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन ।पालिकाले यस वर्ष २ जना स्वकिय सचिवलाई करारमा राखी १२ महिनाको रु ३४३३२० करार शुल्क भुक्तानी दिएको छ ।स्वकिय सचिवको कार्य विवरण तयार नगरेको तथा निजको कार्य सम्पादनको अभिलेख समेत तयार नगरी भुक्तानी दिएको नियमसंगत देखिएन। | |
| १२ | | | **पदाधिकारी सुविधा** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२.१ | | | **पदाधिकारी सुविधा :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट अनुसूचिमा उल्लेख भएवमोजिमको रकममा नवढने गरी र दोहोरो नपर्नेगरी मासिक सुविधा पाउने व्यवस्था छ। गाउपालिकाले यस वर्ष पदाधिकारीको मासिक पारिश्रमिक सुविधा वापत ६३ सभा सदस्यलाई मिति २०७८ श्रावणदेखि २०७९ असाढसम्म १२ महिनाको रु ९९३०७६३ पदाधिकारी सुविधा वापत खर्च गरेको छ। | |
| १२.२ | | | पदाधिकारीलाई कोभिड औषधी उपचार खर्चः स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा स्थानीय तहका पदाधिकारी सदस्य र सभाको सदस्यले आफू निर्वाचित भई अनुसूची–२ बमोजिम पद तथा गोपनीयताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मितिबाट अनुसूचिमा उल्लेख भएवमोजिमको रकममा नवढने गरी र दोहोरो नपर्नेगरी मासिक सुविधा पाउने व्यवस्था छ।तर नगरपालिकाले उपप्रमुख रेणुका कुमारी पौडेललाई कार्यपालिकाको निर्णय वमोजिम रु ६०००० कोभिड उपचार खर्च उपलव्ध गराएको छ। | |
| १३ | | | **पारिश्रमिक** | |
| १३.१ | | | **पारिश्रमिक कर-** आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक कर योग्य आयमा पारिश्रमिक छुट पछिको पहिलो १ लाखमा १० प्रतिशत त्यस पछिको २ लाखमा २० प्रतिशत र ७ लाख ५० हजार देखि २० लाखसम्म ३० प्रतिशतका दरले पारिश्रमिक कर लाग्ने व्यवस्था छ । पालिकाका देहायका कर्मचारीहरुको बार्षिक तलब भत्ता, प्रोत्साहन भत्ता तथा अन्य सुविधा बापतको रकममा देहायको पारिश्रमिक कर कट्टा गरी दाखिला हुनुपर्नेमा घटी कर कट्टी भएको देखिएकोले नपुग कर असुल गरी दाखिला हुनपर्ने रु. | ९२,१४९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | (नेस्टेड तालिका तल) | |

| नाम र पद | बार्षिक आय | चाडपर्व तथा पोषाक | कर छुट रकम | करयोग्य आय | १ लाख सम्म १० प्रतिशत | १ लाख भन्दा माथि २० प्रतिशत | जम्मा कर रकम |
|---|---|---|---|---|---|---|---|
| मोहन पोखरेल | ६२३१२४ | ६१९२७ | 517112.4 | १९१९३९ | १०००० | १८३८८ | २६४६८ |
| कैलाश कुमार सिह | ६०७९२० | ६०६६० | 515592 | १७६९८८ | १०००० | १५३९८ | २३६२८ |
| श्याम कुमार कुशवाहा | ६२३१२४ | ६१९२७ | 579312.4 | १२९७३९ | १०००० | ५९४८ | ६८२८ |
| मोहन बहादुर घिसिङ | ६२३१२४ | ६१९२७ | 522950.4 | १८६१०१ | १०००० | १७२२० | २५३५९ |
| लक्ष्मी आचार्य | ५४७१०४ | ५५५९२ | 534510.4 | ९२१८६ | ९२१९ | ० | ८२९७ |
| रामनाथ साह | ४७१०८४ | ४९२५७ | 526908.4 | १७४३३ | १७४३ | ० | १५६९ |
| | | | | | | जम्मा | ९२१४९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३.२ | | | **तलवी प्रतिवेदन-** निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २८ कर्मचारीको, रु १७०४६७८३।० बराबरको तलब तलवी प्रतिवेदन बेगर खर्च लेखेको छ । पालिकाले तलवी प्रतिवेदन पास गरेर मात्र खर्च लेख्ने कार्यमा पालिकाले ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १४ | ४०५ र ६४१ | | **विधुतिय नागरिक वडापत्र**<br>विधुतिय नागरिक वडापत्र खरिदःनगरपालिकाले ४०५।१२।१७ भौचरवाट १ थान र ६४१।०३।१६( कारोवार मिति ०७८।१०) वाट १ थान विधुतिय नागरिक वडापत्र वडाले खरिद गरेकोभनी स्मार्ट टेक प्रालिलाई क्रमश रु ४५०००० र ४४९९६६ भुक्तानी गरेकोमा देहाय वमोजिम कैफियत देखिन्छ।<br>१। लागत अनुमान तयार नगरेको<br>२। विधुतिय नागरिक वडापत्रको स्पेशिफिकेशन नखुलेको<br>३। कार्यालयले माप्समा दाखिला नगरेको<br>४। जडान गरेको प्रमाण पेश नभएको<br>५। प्यान न ६०३५१८५०४ मा दर्ता रहेको स्मार्ट टेक नेपाल ०७८।०९ देखिनै नन्फाइलर रहेको<br><br>अत हालसम्म पनि आपूर्तक नन्फाइलरनै रहेकोले मुल्य अभिवृदि कर समायोजन र खरिद गरिएको वडापत्र जडान गरेको प्रमाण पेश हुनुपर्ने तथा एकै प्रकृतिको सामाग्री करिव एकैसमयमा वडाले आफै खरिद प्रकृया अगाडी वढाई टुक्रापारी खरिद गरेको नियमित नदेखिएको रु | ८९९,९६६ |
| १५ | | | **परामर्श सेवा**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।नगरपालिकाले सेवा परामर्श अन्तर्गत इन्टिग्रेटेड रिसर्स सेन्टरलाई रु ४९४९४० भुक्तानी गरेकोमा परामर्शको लागत अनुमान र टिओआर तयार गरेको छैन।जनशक्ति समयावधि र ज्याला निर्धारणको आधार खुलेको छैन।अत टिओआर तयारगरी जनशक्तिको ज्यालादरसमेत खुल्नेगरी लागत अनुमान तयार गरेर आवस्यक्ताको आधारमा मात्र कार्य गराउनु पर्दछ। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>अन्य कार्यालयको खर्च<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएको निकायलाई समेत निम्न अनुसार रु.। भुक्तानी गरेको रकम नियमित देखिएन । यसरी खर्च गर्दा नगरपालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा असर पर्ने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखिएको अनियमित रु.<br>
<table>
<tr><th>गोभौ न र मिति</th><th>कार्यालय</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१५६।०७।१६</td><td>इलाका प्रहरी कार्यालय हरिवन</td><td>गाडी मर्मत</td><td>९८११७</td></tr>
<tr><td>१६२।०७।१७</td><td>इलाका प्रहरी कार्यालय हरिवन</td><td>गाडी मर्मत</td><td>९८१३०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१९६२४७</td></tr>
</table></td><td>१९६,२४७</td></tr>
<tr><td>१७</td><td>३४२</td><td>२०७८-१२-७</td><td>खेलकुद कार्यक्रम<br>उपमेयर खेलकुद विकास तथा प्रवर्दन कार्यक्रमः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।नगरपालिकाले उपमेयर खेलकुद विकास तथा प्रवर्दन कार्यक्रम अन्तर्गत क्रिकेट प्रतियोगितामा रु २५०००० खर्च लेखेकोमा प्रतियोगितामा सहभागी टिम विजयी टिम तथा प्रतियोगिता सम्पन्न भएपस्चातको प्रतिवेदन तयार गरेको छैन भने कार्यक्रम संचालनपूर्व लागत अनुमान स्वीकृत गरेको छैन। अत क्रिकेट प्रतियोगिताको सम्वन्धमा उल्लेखित व्यहोरा खुल्नेगरी प्रगति प्रतिवेदन पेश हुनुपर्ने रु</td><td>२५०,०००</td></tr>
<tr><td>१८</td><td></td><td></td><td>कर्मचारी कल्याण कोष<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले हालसम्म कोषको संचालन सम्बन्धी कुनै ऐन कानूनको व्यवस्था गरेको देखिएन।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **भ्रमण तथा अनुगमन खर्च**<br>भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार नगरपालिका चालुवाट भ्रमण खर्चमा रु. ९,६३,०४०.०० अन्य भ्रमाण खर्च रु ३,५२,२५०.०० अनुगमनमा रु ६,२०,५००.०० खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन। भ्रमण/अनुगमन प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको, एकै दिन गएर फर्कन सक्ने स्थान मलंगवा वर्दिवास एवम जनकपुर लगायतका विभिन्न स्थानम समेतकेही दैनिक भ्रमण भत्ता भुक्तानी गरेको नियमित देखिएन । नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण प्रतिबेदन राखेरमात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २० | | | **इन्धन तथा मर्मत खर्च** | |
| २०.१ | | | इन्धन खर्चको मापदण्डः सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष नगरपालिका चालुवाट इन्धन कार्यालय प्रयोजनमा रु. ३१,२८,४७०.५१ र इन्धन अन्य प्रयोजन रु ४७,६०,०९३.८५ खर्च गरेको छ। सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राख्नु पर्दछ । इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| २०.२ | | | **मर्मत आदेशः** आर्थिक कार्यविधि नियमावली, २०७६ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । नगरपालिकाले सवारीसाधन मर्मत खर्चवापत रु २६४३९१९।३७ खर्च लेखेको केही खर्चमा मर्मत आदेश र मर्मत अभिलेख म.ले.प.फा.नं. २ तयार नगरी भुक्तानी गरेको छ । नियमको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | ३८० | २०७८-१२-३० | **संस्थागत अनुदान**<br>मानव सेवा आश्रम अनुदानःसार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को (ख )र (ग ) खरिद सम्झौता अनुसार सार्वजिनक निकायले रनिग विल वा अन्य कुनै विल वीजकको भुक्तानी गर्दा करारका शर्त वोजिम प्राविधिक नाप जाच गरी नापीकितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्न सकिने व्यवस्थाछ। नगरपालिकाले विभिन्न संस्थालाई अनुदान उपलव्ध गराएकोमा केहीको प्रगति प्रतिवेदन लिने गरेको देखिएन। नव सेवा आश्रमका संयोजक श्री सम्झना अधिकारीलाई पालिकावाट रु १० लाख र जनश्रमदान रु २४४००० गरी जम्मा १२३३००० को आश्रमका विभिन्न निर्माण कार्य र खरिदको निमित्त कार्यदेश दिएकोमा कार्यसम्पन्न प्रतिवेदन तयार गरेको छैन। कार्यदेशमा कार्यसम्पन्न पेश हुनुपर्ने उल्लेख भएकोमा कार्यसम्पन्न प्रतिवेदन वेगरनै अनुदान रकम भुक्तानी गरेको र लागत अनुमानसमेत संलग्न नभएकोले लागत अनुमान एवम कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु | १,०००,००० |
| २२ | | | **विभिन्न आर्थिक सहायता खर्च**<br>आर्थिक सहायताः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । नगरपालिकाले यसवर्ष धार्मिक तथा सास्कृतिक संस्था सहायतावाट रु ४,८४,५५८.८१ अन्य संस्था सहायतावाट रु २४,४१,५५०.०० अन्य समाजिक सुरक्षातर्फ रु ४,०८,९५०.०० र अन्य सामाजिक सहायतातर्फ रु २३१८८०६ गरी जम्मा रु ७९७२६७० कार्यविधि वेगर विभिन्न संस्थातथा व्यक्तिलाई आर्थिक सहायता वापत वितरण गरी खर्च लेखेको नियमित देखिएन । यस किसिमको आर्थिक सहायताका रुपमा विपन्नवर्गको पहिचान नगरी कार्यविधि वेगर खर्च गर्ने प्रवृत्तिमाथि नियन्त्रण गरी अतिआवस्यक र औचित्यसमेत पुष्टिहुने वाहेक पूर्वाधारजन्य विकास निर्माणको कार्यमा खर्च गरी वजेट तथा कार्यक्रमको उदेश्य प्राप्त गर्न ध्यान दिई आर्थिक सहायतामा खर्च लेख्ने कार्यमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| २३ | ९६ | २०७८-६-२० | **क्यान वितरण**<br>पशु कृषकलाई क्यान वितरणः नगरपालिकाले पशु कृषकको निमित्त क्यानखरिद गरी वितरण गरेकोभनी उपभोक्ता समितिलाई रु ३००००० भुक्तानी गरेकोमा लागत अनुमान तयरा गरेको देखिदैन। विलमा के कति थान क्यान खरिद गरेको उल्लेख नगरी तौल ५७५।४९७ केजी उल्लेख गरेकोमा उपभोक्ता समतिले ३१५ थान खरिद गरेकोभनी प्रगति प्रतिवेदनमा उल्लेख गरेको छ।३१५ थानमा ३१४ थानको मात्र भरपाई तयार गरेकोमा ४ थान भरपाईमा क्यान वुझेको हस्ताक्षर छैन।अत उपभोक्ति समितिको प्रतिवेदनमा उल्लेख भएवमोजिमको ३१५ थानमध्ये १ थानको भरपाईनै तयार नगरेको र वाकि ४ थान क्यान वुझेको भरपाईमा हस्ताक्षर गरेको नदेखिएकोले ५ थान क्यानको भरपाई पेश हुनुपर्ने अन्यथा पशु कृषकलाई क्यान वितरण उपभोक्ता समितिवाट असुल हुनुपर्ने रु | ४,४६५ |
| २४ | | | **मुल्य अभिवृदि करमा दर्ता नभएकोले कर विजक जारी गरेको**<br>मुल्य अभिवृदि करमा दर्ता नरहेकोलाई मुअकर भुक्तानीः मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। तर नगरपालिकाले सर्लाही वन प्राविधिक समाजलाई क्यालेण्डरमा विज्ञापन गरेवापत रु ३२५० मुल्य अभिवृदि करसहित रु २५००० भुक्तानी गरेकोमा सर्लाही वन वन प्राविधिक समाज मुल्य अभिवृदि करमा दर्तानै रहेको देखिएन। अत दर्ता वेगरको कर विजक पेश गरी मुल्य अभिवृदि कर भुक्तानी गरेको रकम असुलगरी राजश्व दाखिला हुनुपर्ने रु | ३,२५० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **करार सेवा शुल्क**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा८३मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्रर कार्यबोझको विश्लेषणगरी संगठनतथा व्यवस्थापन सर्भेक्षणकोआधारमा स्थायीर सेवाकरारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्नेर अस्थायी दरबन्दी सृजना गर्न नहुने व्यवस्थाछ।नगरपालिकाले सङ्गठन व्यवस्थापन सर्वेक्षण नगरीकर्मचारीहरुकरारमाराखिकरार सेवाशुल्कवापत यसवर्ष रु २०९४२३४० भुक्तानी गरेको छ।करारमा भएका केही कर्मचारीको सम्झौता र म्याद थपको पत्र समेत पेश हुन सकेकोछैन।साथै आधारभुत स्वास्थ्य केन्द्र संचालन अन्तर्गत ७ केन्द्रको निमित्त २१ जना कर्मचारीलाईसमेत वर्षभरी करारमा राखी नगरपालिका चालुवाटै खर्च लेखेको देखिन्छ।अतः सङ्गठन व्यवस्थापन सर्वेक्षणबाट दरवन्दी स्वीकृत नगरी करारमा कर्मचारी राख्ने कार्य नियन्त्रण गर्नुपर्दछ।साथै अर्थ मन्त्रालयको पत्रसंख्या ३६५ ०३।०७८।७९ चन १७१९ मिति ०७९।०१।२१ को पत्रले करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलव्ध गराउन नसकिने व्यवस्था रहेकोमा समेत महंगी भत्ता भुक्तानी गरेकोले करारको कर्मचारीलाई महंगी भत्ता भुक्तानी गर्न सक्ने अन्य कुनै कानुनी आधार भए पेश हुनुपर्ने अन्यथा ८ जना करारको कर्मचारीलाई मासिक रु २००० का दरले वार्षिक रु १९२००० भुक्तानी गरेको अन्य कुनै कानुनी आधार भए पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु | १९२,००० |

| दर्जा | कर्मचारीको नाम | रकम |
|---|---|---|
| इन्जिनियर | जकी अहमद सिदिकी | २४००० |
| कम्प्युटर अपरेटर | अन्जु धमला | २४००० |
| अमिन | उमेश महत्तो | २४००० |
| हेभी सवारी चालक | शंकराज आचार्य | २४००० |
| कार्यालय सहयोगी | हिमाल गुरुग | २४००० |
| कार्यालय सहयोगी | तारानाथ पोखरेल | २४००० |
| कार्यालय सहयोगी | कमला उप्रेती गर्तौला | २४००० |
| कार्यालय सहयोगी | तारा स्याग्तान | २४००० |
| | जम्मा | १९२००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **जेष्ठ नागरिक सम्मान कार्यक्रम**<br>जेष्ठ नागरिक अपांग सम्मान कार्यक्रमः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।नगरपालिकाले जेष्ठ नागरिक अपांग सम्मान कार्यक्रम गरेवापत जेष्ठ नागरिक अपांग सम्मान कार्यक्रम उपभोक्ता समितिलाई रु १५०००० भुक्तानी गरेकोमा सहभागीको उपस्थितिसंलग्न छैन। २५० पिस गम्सा लेडिज दुपटा पोलर सल र सुती मगसालगायतको समाग्री खरिद गरेको देखिएपनि वितरणको भरपाई संलग्न छैन। अतः सहभागीको उपस्थिति वितरणको भरपाई र प्रगति प्रतिवेदन पेश हुनुपर्ने रु | १५०,००० |
| २७ | ७२३ | | **प्रगति प्रतिवेदन पेश हुनुपर्ने**<br>आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा भुक्तानी गर्दा प्रचलित कानुन बमोजिम रित पुगे नपुगेको जाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले लघुउधम प्रवर्दन तथा विकास कार्यक्रमको निमित्त ललिता विश्वकर्मालाई रु २८०७८४ भुक्तानी गरेकोमा लागत अनुमान तयारगरी स्वीकृत गरेको छैन।३ वटा वोकाको रु ३००० प्रतिकेजीको दरले रु २९४००० खर्च लेखेकोमा वोकाको जात र क्षमता खुलेको छैन।१२ थान हेभी मोटर रु १४०००० हजारमा खरिद गरेकोमा विलभरपाई संलग्न देखिदैन।सम्झौता वमोजिमको २० प्रतिशत लागत सहभागितासमेत देखिनेगरी हेभी मोटरको विलभरपाई र कार्यक्रम सम्पन्न भएपस्चातको प्रगति प्रतिवेदन पेश हुनुपर्ने रु | २८०,७८४ |
| २८ | ११५ | २०७८-६-१२ | **वाख्रा वितरण**<br>वाख्रा वितरणः नगरपालिकाले वाड न १ थामीटोलमा वाख्रा वितरण भुक्तानी वाकि शिर्षकवाट गत वर्ष ३५ वाख्राको रु ३५०००० र १ वोकाको रु ५०००० गरी जम्मा रु ४००००० उपभोक्ता समतिलाई भुक्तानी गरेकोमा देखिएको कैफियत निम्न छन।<br>१। कार्यक्रमको लागत अनुमान तयार गरेको छैन।<br>२। वोका वाख्राको विलमा के कति कुन जात र कति क्षमताको हो खुलाएको छैन।<br>३।क्वारेन्टाइन चेकजाच गरेको पाइएन।<br>४। कार्यालयवाट हालसम्मपनि अनुगमन गरेको देखिने प्रतिवेदन पेश भएन।<br>५। नगरपालिकावाट वितरण गरेकोमा वोका र वाख्रामा ट्याग लगाएको र विमा गरेको देखिएन।<br>६। कृषक छनोटको आधार खुलेको छैन।<br><br>अत लागत अनुमान तयार नगरी खरिद गरेको, क्वारेन्टाइन चेकजाज नगरेको र ट्याग तथा विमासमेतनगरी वितरण गरेकोमा हासम्म अनुगमन नगरिनु र कार्यविधि वेगर वितरण गरिनु नियमसंगत नदेखिएको रु | ४००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| २९ | | | **विविध खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। नगरपालिकाले यो वर्ष विविध खर्च वापत नगरपालिका चालुवाट रु. २९,०१,९२३.१५ खर्च गरेको छ । केही खर्च लेख्दा खर्च गरेको रकमको विल पेश गरेतापनि खर्च गर्नुपर्ने आधार स्पष्ट गर्ने गरेको देखिएन । विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी भुक्तानी दिने परिपाटीमा नियन्त्रण हुनु पर्दछ भने विविध खर्च अन्तगर्त मसलन्द, कार्यलय सचालन मर्मतसमेतको खर्च लेखेकोले सम्वन्धित शिर्षकमा खर्च लेखिनु पर्दछ। | |
| ३० | | | **कार्यालय संचालन खर्च** | |
| ३०.१ | | | **कार्यालय सम्बन्धि खर्चः** कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा अधिकांस सामाग्री पटक पटक सोझै बजारबाट खरिदगरेको समेत गरी मसलन्द तथा कार्यालय सामानमा रु ४४१९५२६।५३ र अन्य कार्यालय संचालन सामाग्रीमा रु २१६२९५० खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिनु जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ भने खर्च गर्दा सम्वन्धित वजेट शिर्षकवाटै खर्च लेखिनु पर्दछ। | |
| ३०.२ | | | **वडा कार्यालय संचालन खर्चः** नगरपालिकाले नगरसभाको निर्णय वमोजिम वडा नं. १ देखि ११ सम्म प्रतिमहिना वडा सञ्चालन खर्चवापत रु १३००० मासिक भुक्तानी गरेको देखियो।सभाको निर्णय वमोजिम वडा संचालन खर्च अन्तर्गत सामान्य मर्मत सरसफाई साना तिना सामाग्री खाजा चिया पानीमा खर्च गर्ने उल्लेख भएकोमा अधिकासं खाना खाजामा खर्च गरेको देखियो।वडा कार्यालयसँग सम्बन्धित नियमित खर्चहरु नगरपालिकाबाट भुक्तानी भईरहेको अवस्थामा वडा कार्यालयबाट जिन्सी सामान खरिद, कार्यालय व्यवस्थापन, मर्मत र सरसफाई लगायतका कार्यमा खर्च गर्दा जिन्सी लगत अद्यावधिक नहुने, वडा कार्यालयको खर्चमा एकरुपता नदेखिने तथा नगरपालिका र वडा कार्यालयबाट एउटै काममा दोहोरो खर्च हुन सक्ने देखिएकाले दुई निकायबाट खर्च गर्ने परिपाटी नियन्त्रण गरी खर्चमा एकद्वार पद्धति कायम गर्न ध्यान दिनुपर्दछ । | |
| ३१ | | | **शिक्षा तर्फ** | |
| ३१.१ | | | **दिवा खाजाः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.११.१ मा सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्यानरत बालबालिकाहरुका IEMIS तथ्यांक तथा विद्यार्थीको हाजिरी संख्याको आधारमा प्रति विद्यार्थी १५ का दरले १८० दिनसम्मको खाजा खर्च दिन सक्ने व्यवस्था छ । नगरपालिकाले निम्न विद्यालयलाई विद्यालय संचालन भएको भनि १८० दिन भन्दा बढी दिन खाजा रकम निकासा गरेकोले १८० दिन भन्दा बढी दिन गएको खाजा रकम असुल गरी दाखिला गर्नुपर्ने रु | ५३१,०९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | विद्यालयसंचालन दिन | | | | | | | | | | विद्यालय संचालन दिन | बढी दिन | IEMIS अनुसार विलार्थी संख्या | बढी रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विलालय | भदौ | असोज | कात्तिक | मंसिर | पौस | फागुन | चैत्र | बैषाख | जेठ | असार | | | | |
| रामअवतार जनता | २६ | १७ | ११ | २४ | २५ | २३ | २४ | १७ | २५ | २६ | २१८ | ३८ | १८४ | १०४८८० |
| रामबहादुर पुलामी आवि | १९ | १६ | १६ | २४ | २३ | २२ | १९ | ८ | २२ | २६ | १९५ | १५ | २०२ | ४५४५० |
| जनसेवामावि | १८ | १६ | १४ | २५ | २३ | २१ | १८ | ६ | २२ | २५ | १८८ | ८ | १७३ | २०७६० |
| देउरालीप्रावि | १९ | १६ | १५ | २४ | २४ | २३ | १८ | ८ | २३ | २५ | १९५ | १५ | ७२ | १६२०० |
| प्राविपटौना | १८ | १६ | १५ | २४ | २५ | २३ | १९ | ७ | २० | २६ | १९३ | १३ | ७२ | १४०४० |
| चुरेजनता आवि | १७ | १४ | १५ | २४ | २५ | २३ | १८ | ६ | २२ | २६ | १९० | १० | ६९ | १०३५० |
| जनजागृती प्रवि | १८ | १५ | १४ | २४ | २५ | २२ | १७ | ६ | १८ | २६ | १८५ | ५ | १५५ | ११६२५ |
| प्रावि चारलिक | २० | १६ | १५ | २४ | २४ | २२ | १८ | ६ | २२ | २६ | १९३ | १३ | १२९ | २५१५५ |
| प्राविमोहनपुर | १९ | १६ | ११ | २४ | २४ | २३ | १८ | ६ | २२ | २६ | १८९ | ९ | ७८ | १०५३० |
| महादेवमावि | १८ | १६ | १२ | २४ | २५ | २१ | २० | ६ | २० | २५ | १८७ | ७ | ५३५ | ५६१७५ |
| चर्तभुजेश्रवरजनता मावि | १७ | १६ | १५ | २४ | २५ | २२ | १७ | ६ | २५ | २५ | १९२ | १२ | ३०० | ५४००० |
| जनताप्रवि दनुवारी ९ | १८ | १६ | १४ | २३ | २४ | २२ | १८ | ६ | २३ | २५ | १८९ | ९ | ७५ | १०१२५ |
| शिवेश्वरप्रवि केरावारी | १८ | १६ | १५ | २४ | २३ | २२ | १८ | ६ | २२ | २५ | १८९ | ९ | ३९ | ५२६५ |
| बाढीपिडित सुकुम्वासी | १८ | १६ | १४ | २४ | २४ | २२ | १७ | ५ | २२ | २६ | १८८ | ८ | ९० | १०८०० |
| सुर्वोदयजनता प्रावि ५ | १९ | १५ | १६ | २४ | २२ | २२ | १८ | ८ | २२ | २६ | १९२ | १२ | १५० | २७००० |
| प्रविहरिवन ७ बालगंगा | १७ | १६ | १५ | २४ | २४ | २० | १८ | ६ | २२ | २५ | १८७ | ७ | २५७ | २६९८५ |


https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th></th><th></th><th></th><th></th><th></th><th></th><th></th><th></th><th></th><th></th><th></th><th></th><th></th><th></th><th></th></tr>
<tr><td>जनजागृती मावि वेताल</td><td>१८</td><td>१६</td><td>१४</td><td>२४</td><td>२२</td><td>२३</td><td>१७</td><td>६</td><td>१७</td><td>२५</td><td>१८२</td><td>२</td><td>१७५</td><td>५२५०</td></tr>
<tr><td>श्रीमतीमाइरानी निमावि</td><td>१८</td><td>१६</td><td>१५</td><td>२४</td><td>२२</td><td>२४</td><td>२४</td><td>६</td><td>२२</td><td>२६</td><td>१९७</td><td>१७</td><td>३००</td><td>७६५००</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>५३१०९०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३१.२</td><td></td><td></td><td>छात्रावृत्ति अनुदानः शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ७.२.१.१ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले निम्न विद्यालयलाई प्रति विद्यार्थी रु ४००।० का दरले वितरण गर्नुपर्नेमा विद्यालयहरुले सम्बन्धित विद्यार्थीहरुलाई वितरण गरेको भरपाई नभएको भनी आन्तरिक लेखापरीक्षणले औल्याएकोमा वितरण भरपाई नभएको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>विद्यालययको नाम</th><th>रकम</th></tr>
<tr><td>श्री प्रावि पटौना</td><td>१६००।०</td></tr>
<tr><td>श्री प्रावि बालगंगा ७</td><td>४०००।०</td></tr>
<tr><td>श्री जनजागृति मावि</td><td>१६८००।०</td></tr>
<tr><td>श्री प्रावि अत्रौली</td><td>२४००।०</td></tr>
<tr><td>श्री प्रावि चारलिक</td><td>४०००।०</td></tr>
<tr><td>श्री राम अवतार जनता मावि</td><td>३६००।०</td></tr>
</table>
</td><td>३२,४००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.३ | | | **शैक्षिक तथा व्यवस्थापकिय योजनाः** शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८ को क्रियाकलापन नं २.७.१३.१३ को ९.१२ मा विद्यालयलाई स्वीकृत गुरुयोजनाका आधारमा निर्माण गरिएको वार्षिक कार्यान्वियन योजना अनुसार शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु छात्रावास व्यावस्थापन, भौतिक पूर्वाधार विकासका लागि बिजियोजित बजेटको कार्य प्रगति सहितको प्रस्ताव विद्यालयबाट पेश हुन आएमा स्थानिय तह र विद्यालयबिच सम्झौता गरी ३० लाख सम्म अनुदान दिन सक्ने व्यवस्था छ । पालिकाले महादेव जनता माविलाई विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वियनका लागि रु ३०००००0।० सम्झौता गरी अनुदान दिएकोमा लेखापरीक्षणको क्रममा सम्झौता अनुसार कार्य भए नभएको प्रमाण पेश हुन आएन । अत सम्झौता अनुसार कार्य भएको कार्यसम्पन्न प्रतिवेदन साथै सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्य प्रगति केन्द्रमा पठाएको प्रमाण पेश गर्नुपर्ने भनी औल्याएकोमा विद्यालयको आम्दानी खर्च विवरण पालिका मार्फत प्राप्त भएकोमा रु ३५५२०२३।० खर्च देखाएको छ । तर कार्य प्रगति विवरण केन्द्रमा पठाएको तथा खर्चको विस्तृत विवरण पालिकामा पेश गर्नुपर्दछ । | |
| ३१.४ | | | **पाठ्यपुस्तक अनुदान-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.४.६.१ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र पाठयपुस्तक अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन नगरी नगरपालिकाको आन्तरिक श्रोतबाट रु १११३७५।० खर्च लेखेकोमा सो व्यहोरा आन्तरिक लेखापरीक्षणले समेत बढी निकासा भएको भनी औल्याएकोले सो रकम असुल गर्नुपर्ने रु | १०२,६८३.७ |

| विद्यालययको नाम | रकम |
|---|---|
| श्री प्राविं मोहनपुर | ३१३६०।० |
| श्री प्राविं मोहनपुर | ८७५०।० |
| प्रावि अत्रौली | ८९७४।० |
| सर्वोदय प्रावि | १५५९३।८० |
| जनसेवा मावि | ११८८४।० |
| प्रा वि चारलिक | १३३२४।७० |
| जनता प्रावि ब्रम्हस्थान | १२७९८।८० |
| जम्मा | १०२६८3।० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१.५</td><td></td><td></td><td>पुस्तकालय तथा ICT Lab - शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ मा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था छ । कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट देहायका विद्यालयलाई ICT ल्याव तथा पुस्तकालय व्यवस्थापनका लागी रु.६५००००।- का दरले निकासा भएको देखिन्छ।विद्यालय र पालिकाबीच भएको सम्झौता पत्र अनुसार विद्यालयले २०७९ असार मसान्तसम्ममा कार्य सम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ।विद्यालयले कार्यसम्पन्न प्रतिवेदन पेश गरेका छैन।कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने रु...
<table>
<tr><th>विद्यालय</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>जनजागिति मावि</td><td>ICT Lab</td><td>६५००००।०</td></tr>
<tr><td>महादेव जनता मावि</td><td>E Lab</td><td>२०००००।०</td></tr>
<tr><td>महादेव जनता मावि</td><td>स्तरोन्नती ल्याब</td><td>५०००००।०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३५००००।०</td></tr>
</table>
नोटः जनसेवा माविले पुस्तकालय स्थापनाको लागि निकासा भएको ६५००००।० को कार्य सम्पन्न गर्ने भनी औल्याएकोमा विल भरपाई तथा कार्यालयले अनुगमन गरी कार्यसम्पन्न भएको भनी पत्र समेत पेश भएको ।</td><td>१,३५०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.६ | | | **शिक्षण सहयोग अनुदान-** अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान अन्तर्गत शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दी मिलानको प्रतिवेदन अनुरुप कुनै पनि दरवन्दी वा राहत अनुदान भएका गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि शुन्य दरवन्दी भएका विद्यालय माध्यामिक तह. तह (९-१०) लाई न्युनतम २ र आधारभुत तह नि मा वि तह (६-८) लाई न्युनतम १ शिक्षकको अनुदान निकासा शिक्षक भर्ना भएपछि उपलब्ध गराउने उल्लेख छ । पालिकाले राम अवतार जनता मावि हरिव विद्यालयमा कार्यविधि वमोजिम तलव भुक्तानीको लागि रकम निकासा गरेकोमा सो विद्यालय शिक्षक नियुक्ति गरेको तथा शिक्षकलाई तलब खुवाएको प्रमाण पेश गरेको छैन । अतः शिक्षक विद्यालयमा नियुक्ति गरी तलब खर्च लेखेको प्रमाण पेश गर्नुपर्ने भनी औंल्याएकोमा विद्यालयले शिक्षक नियुक्ति पत्र तथा करार सम्झौता पेश गरेको छ भने राम अवतार जनता मावि हरिवनका शिक्षक बसन्त कुमार घिसिङलाई मिति २०७८।९।४ को निर्णय अनुसार सोही मितिदेखि मात्र नियुक्त दिएको पत्र पेश गरेकोले नियुक्त भन्दा अघि निकासा भएको रकम श्रावण देखि मंसिरसम्म ५ महिनाको मासिक रु ३५९९०।० ले हुने रु १७९९५०।० असुल गरी दाखिला गर्नुपर्ने रु | १७९,९५० |

| विद्यालय | विवरण | रकम |
|---|---|---|
| राम अवतार जनता मावि हरिवन | मावि गणित विज्ञान अग्रेजी अनुदान | ४३१८८०।० |
| जनजाग्रिति मावि | मावि गणित विज्ञान अग्रेजी अनुदान | ४३१८८०।० |
| श्रीमति माइरानी मावि | मावि गणित विज्ञान अग्रेजी अनुदान | ४३१८८०।० |
| आधारभुत विद्यालय पटौना | निमावि गणित विज्ञान अग्रेजी अनुदान | ३३८४००।० |
| राम बहादुर पुलामी आवि | निमावि गणित विज्ञान अग्रेजी अनुदान | ३३८४००।० |
| | जम्मा | १९७२४४०।० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१.७</td><td></td><td></td><td>इन्टरनेट खर्चः शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८ को क्रियाकलापन नं २.७.१३.१० मा ईन्टरनेट बापत प्रति विद्यालयल बार्षिक १२०००।० उपलब्ध गराउने व्यवस्था भएकोमा पालिकाले निम्न विद्यालयलाई रु २४०००।० दरले निकासा गरेको छ ।नगरपालकासंग छलफल गर्दा विद्यालय Merge भएको तर विद्यालय छुट्टै स्थानमा रहेकोले २४०००।० पठाएको भनाई रहेको छ । अत विद्यालय मर्ज भएकोमा भवन छुटै रहेतापनि दिन मिल्ने व्यवस्था नभएको हुदा रु १२०००।० दरले ५ विद्यालयको रु ६००००।० असुल गर्नुपर्ने<br><br>
<table>
<tr><th>विद्यालय</th><th>निकासा रकम</th><th>बढी निकासा रकम</th><th>कैफियत</th></tr>
<tr><td>चतुर्भुजेश्वर मावि</td><td>२४०००।०</td><td>१२०००।०</td><td>१२००० मात्र दिन मिल्ने</td></tr>
<tr><td>महादेव जनता मावि</td><td>२४०००।०</td><td>१२०००।०</td><td>१२००० मात्र दिन मिल्ने</td></tr>
<tr><td>श्रीमती माइरानी मावि</td><td>२४०००।०</td><td>१२०००।०</td><td>१२००० मात्र दिन मिल्ने</td></tr>
<tr><td>देउराली प्रावि</td><td>२४०००।०</td><td>१२०००।०</td><td>१२००० मात्र दिन मिल्ने</td></tr>
<tr><td>जनता प्रावि ब्रम्हस्थान हरिवन</td><td>१२०००।०</td><td>१२०००।०</td><td>जडान नगरेको</td></tr>
<tr><td></td><td>१०८०००।०</td><td>६००००।०</td><td></td></tr>
</table></td><td>६०,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.८ | | | **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३ मा कार्यसम्पादनमा आधारित सुचकका आधारमा विद्यालयलाई प्रस्ताव पेश गर्न लगाउने र प्राप्त प्रस्तावका आधारमा विद्यालयलाई कार्यसम्पादन स्तर मुल्यांकन गरी अनुदान उपलब्ध गराउने व्यवस्था छ । सो प्राप्त गरेको रकम विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार शैक्षिक गुणस्तर सुधारका क्षेत्र पहिचान गरी खर्च गर्ने तथा अनुदान दिनुपुर्व विद्यालयले शिक्षण सिकाइ समयमापन सम्वन्धि कार्यविधि लागु गरेको सुनिश्चितता हुनुपर्ने भन्ने व्यवस्था छ । नगरपालिकाले निम्न विद्यालयलाई सो अनुदान बापत रु ६००००००।० निकासा गरेकोमा उक्त विद्यालयहरुले अनुदान दिएको रकमबाट शैक्षिक गुणस्तरका क्षेत्रमा सुधार गरेको पाइएन । अत कार्यान्वयन पुस्तिका अनुसार विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार शैक्षिक गुणस्तर सुधारका क्षेत्र पहिचान तथा सिकाइ कार्यविधि लागु गरेको सुनिश्चित भएका विद्यालयलाई मात्र अनुदान दिने कार्यमा पालिकाले ध्यान दिनुपर्दछ । | |

| विद्यालयको नाम | रकम |
|---|---|
| जनजाग्रिति मावि | २००००००।० |
| प्रावि बालगंगा | ५०००००।० |
| प्रावि चारलिक | ५०००००।० |
| प्रावि मोहनपुर | ५०००००।० |
| प्रावि दनुवारी | ५०००००।० |
| महादेव मवि | २००००००।० |
| **जम्मा** | **६००००००।०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.९ | | | **पाठ्यपुस्तक अनुदान-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.४.६.१ मा IEMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र पाठयपुस्तक अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले निकासा गर्दा IEMIS मा प्रविष्टि भएको विद्यार्थी संख्या भन्दा बढी विद्यार्थी संख्या राखी पाठ्यपुस्तक निकासा गरेको छ । अत IEMIS संख्या भन्दा बढी विद्यार्थी संख्या राखी निकासा भएको रकम असुल गर्नुपर्ने रु | ४८७,८५५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| P\|D\|LL\|S | **G1** | G2 | G3 | G4 | G5 | G6 | G7 | G8 | G9 | G10 | G11 | G12 | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **Name** | **Total** | **Total** | **Total** | **Total** | **Total** | **Total** | **Total** | **Total** | **Total** | **Total** | **Total** | **Total** | **student student** | **Grand Total** | **नगाबाटनिकासा रकम** | **बढीनिकासा** |
| राम अवतार जनता माध्यमिकविद्यालय | ११ | २५ | ५२ | ६५ | 45 | 43 | 74 | 57 | 110 | 95 | 0 | 0 | 577 | 369444.1 | 406392.9 | 36948.8 |
| जनता प्रावि अत्रौली ब्रम्हस्थान | २३ | २५ | २५ | २५ | ० | ० | ० | ० | ० | ० | ० | ० | 98 | 40913.2 | 55723.8 | 14810.6 |
| प्रावि पटौना १ | 12 | 10 | 11 | 9 | 8 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 50 | 26867.6 | 29260.8 | 2393.2 |
| आधारभुत पटौना १ | 23 | 10 | 17 | 18 | 22 | 18 | 23 | 21 | 0 | 0 | 0 | 0 | 152 | 93316.3 | 105867.6 | 12551.3 |
| प्रावि भौक्टेनी १ | 19 | 18 | 22 | 18 | 18 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 95 | 50845.8 | 61630.7 | 10784.9 |
| सिवेश्वर प्रावि १ | 6 | 5 | 4 | 5 | 5 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 25 | 13272.1 | 18149.2 | 4877.1 |
| सर्वोदय प्रावि ५ | 22 | 18 | 26 | 21 | 19 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 106 | 56940.7 | 75247.4 | 18306.7 |
| प्रावि चारलिक ६ | 22 | 13 | 10 | 10 | 6 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 61 | 32927.8 | 50356.9 | 17429.1 |
| बालगंगा प्रावि ७ | 24 | 31 | 25 | 20 | 11 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 111 | 60767.5 | 79843 | 19075.5 |
| जनसेवा मावि ६ | 39 | 14 | 26 | 29 | 22 | 28 | 57 | 51 | 44 | 57 | 0 | 0 | 367 | 233618.6 | 265237.1 | 31618.5 |
| देउराली प्रावि ९ | 13 | 10 | 11 | 10 | 11 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 55 | 29213.1 | 35261.7 | 6048.6 |
| बालगंगा प्रावि ११ | 67 | 33 | 35 | 29 | 25 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 189 | 101118.9 | 121454.4 | 20335.5 |
| जनजाग्रिति मावि ८ | 24 | 16 | 17 | 20 | 21 | 33 | 32 | 29 | 33 | 30 | 0 | 0 | 255 | 161977.2 | 168234 | 6256.8 |
| | 67 | 64 | 75 | 70 | 59 | 12 | 10 | 13 | 13 | 12 | 76 | 75 | 1116 | 666482.4 | 669129.7 | 2647.3 |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चर्तुभुजेश्वर जनता मावि | | | | | | 2 | 8 | 9 | 6 | 5 | | | | | | | |
| | | | महादेव जनता मावि | 74 | 73 | 80 | 85 | 84 | 157 | 183 | 246 | 314 | 276 | 152 | 191 | 1915 | 1131060.7 | 1196896 | 65835 | |
| | | | बाढी पिडित सुकुम्बासी प्रावि १० | 20 | 29 | 16 | 15 | 23 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 103 | 54236.3 | 69310.9 | 15074.6 | |
| | | | चुरे जनता आवि | 9 | 6 | 7 | 17 | 8 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 47 | 25584.4 | 33436.2 | 7851.8 | |
| | | | चर्तुभुजेश्वर क्याम्पस | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 183 | 250 | 433 | 130494.8 | 160784.8 | 30290 | |
| | | | श्रीमति माइरानी मिक्चनि मावि | 53 | 32 | 63 | 71 | 38 | 58 | 50 | 50 | 9 | 51 | 0 | 0 | 475 | 289508.3 | 418401.1 | 128892.8 | |
| | | | राम बहादुर पुलामी आवि | 16 | 29 | 35 | 36 | 41 | 40 | 44 | 35 | 0 | 0 | 0 | 0 | 276 | 171465.6 | 176815.9 | 5350.3 | |
| | | | प्रावि मोहनपुर | 15 | 19 | 10 | 12 | 14 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 70 | 37110.2 | 67657.1 | 30546.9 | |
| | | | | | | | | | | | | | | | | 6830 | 3913365.1 | 4391725 | ४८७८५५ | |
| ३२ | | | **दरवन्दी तथा महगी भत्ता** | | | | | | | | | | | | | | | | | |
| ३२.१ | | | **शिक्षक पुर्ति तथा दरवन्दीः** स्थानीय तह अन्तर्गत सामुदायिक विद्यालयमा दरवन्दी अनुसार शिक्षकको पदपुर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । नगरपालिका अन्तर्गतका विभिन्न तहका सामुदायिक विद्यालयको शिक्षक दरवन्दी र पदपुर्तिको अवस्था एव विद्यार्थिको संख्या निम्नानुसार रहेको देखिन्छ । | | | | | | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| क्रस | विद्यालयको नाम | स्विकृत दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्येकरार | रिक्त | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|
| १ | श्री चतुर्भुजेश्वरजनता मावि | २८ | २६ | ९ | २ | १०३९ |
| २ | श्री महादेव जनता मावि | ३२ | ३१ | ११ | १ | १९५० |
| ३ | श्री जनजागृति मावि | १७ | १६ | ८ | १ | ३४८ |
| ४ | श्री जनसेवा मावि | १८ | १८ | ५ | | ४५१ |
| ५ | श्री राम अवतार जनतामावि | १० | ९ | ३ | १ | ५९८ |
| ६ | श्री माइरानी मिक्चनीमावि | १६ | १६ | ५ | | ५९० |
| ७ | श्री आधारभूत विद्यालयपटौना | ८ | ७ | ५ | १ | १८१ |
| ८ | श्री राम बहादुरपुलामी आवि | ५ | ५ | ३ | | ३२३ |
| ९ | श्री चुरे जनता प्रावि | ५ | ५ | २ | | ६९ |
| १० | श्री प्रावि बालगंगा११ | ४ | ४ | २ | | २५७ |
| ११ | श्री बाढीपिडितसुकुम्बासी प्रावि | ३ | २ | | १ | १५४ |
| १२ | श्री जनता प्राविदनुवारी | ५ | ५ | १ | | १५५ |
| १३ | श्री देउराली प्रावि | ५ | ५ | ४ | | ७७ |
| १४ | श्री शिवेश्वर प्रावि | २ | २ | २ | | ३९ |
| १५ | श्री प्रावि मोहनपुर | २ | २ | २ | | ७८ |
| १६ | श्री जनजागृति प्रावि | ३ | ३ | | | १५५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १७ | श्री प्रावि चारलिक | ६ | ६ | ३ | | १२९ | | |
| | | | | १८ | श्री प्रावि बालगंगा ७ | ४ | ४ | १ | | १६० | | |
| | | | | १९ | श्री सर्वोदयप्रावि | ४ | ४ | २ | | १५० | | |
| | | | | २० | श्री प्रावि पटौना | ३ | ३ | २ | | ७२ | | |
| | | | | २१ | श्री प्रावि अत्रौलीभोक्टेनी | ३ | ३ | २ | | १८२ | | |
| | | | | २२ | श्री प्रावि अत्रौलीब्रम्हस्थान | १ | १ | १ | | ९८ | | |
| | | | नगरपालिका भित्र २२ विद्यालय रहेकोमा केही विद्यालयमा विद्यार्थी संख्या न्यून रहेको देखिन्छ । विद्यार्थी संख्या पहुँच लगायतका व्यहोरालाई आधार बनाई विद्यालयलाई एक आपसमा गाभी सरकारी खर्चलाई प्रभावकारी बनाउनुपर्दछ । | | | | | | | | | |
| ३२.२ | | | **महगी भत्ताः** अर्थ मन्त्रालयको मिति २०७९।१।२१ को चं न १७१९ को महगी भत्ता उपलब्ध गराउने सम्बन्धी परिचपत्रमा नेपाल सरकार अन्तर्गत विभिन्न निकायको स्वीकृत दरवन्दीका करारमा कार्यरत कर्मचारिलाई महगी भत्ता दिन नमिल्ने व्यवस्था छ भने शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८ को खण्ड २(२.२) मा महगी भत्ता सम्बन्धमा तोकिए अनुसार दिने व्यवस्था गरेको छ । पालिकाले पालिकाभित्रका विद्यालयमा कार्यारत करारका ७३ शिक्षकलाई रु १७५२०००।० महगी भत्ता लेखेको छ । करार शिक्षकलाई पनि दिन नमिल्ने हुँदा तालुक निकायवाट एकिन गरी मात्र निकासा दिनुपर्दछ । | | | | | | | | | |
| ३३ | | | **स्वास्थ्य तर्फ** | | | | | | | | | |
| ३३.१ | | | **हलुवा, खिर खरिद तथा वितरणः** २९५।०७९।३।२४ पालिकाले पोषण कार्यक्रम अन्तगत सुत्केरी महिलाहरुको लागि खिर तथा हलुवा वितरण गर्नको लागि नेपाल स्वास्थ्य इन्डस्ट्रिज प्रालीबाट १५८७ प्याकेट स्पेशल खिर तथा १५८७ प्याकेट हलुवा रु ९९९८०६।० मा मिति २०७९।३।१४ मा सम्झौता गरी खरिद गरेको छ । उक्त सम्झौताको शर्त नं १ अनुसार नेपाल खाद्य तथा गुण नियन्त्रण विभागवाट प्रमाणित नेपालमा उत्पादन पौष्टिकयुक्त उपलब्ध गराउनुपर्ने उल्लेख गरेकोमा कार्यालयले सम्झौता अनुसार खरिद भएको खिर तथा हलुवा आपुर्ति भए नभएको परिक्षणको प्रतिवेदन पेश गरेको छैन । साथै पालिकाभरी ३ वटा वर्थिङ सेन्टरमा गरी जम्मा ४४७ जना मात्र सुत्केरी गराएकोमा ६ महिनामात्र उपयोगमा हुने खाद्य सामाग्री यति धेरै मात्रामा खरिद गरिनु उपयुक्त देखिएन । सोमा केही सामग्री नष्ट भएर गएको समेत देखियो । यसरी परिक्षण विना बढी परिमाणमा खरिद गर्दा ध्यान पुर्‍याएको देखिएन । सम्वन्धित कर्मचारीलाई जिम्मेवार वनाउनुपर्दछ । | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३.२ | | | **न्यानो झोला कार्यक्रम-** २८४।०७९।३।२३ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका १ बर्थिङ सेन्टरमा यस वर्ष १११४ थान को रु.९९९५०३।०(भ्याट समेत) को खरिद गरेको छ ।पालिकाले खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण नगरी आर्थिक वर्षको अन्तमा आएर बजेट फ्रिज नगर्ने उद्वेश्य खरिद गरेको देखिन्छ । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ । | |
| ३३.३ | | | **आमा तथा नवजात शिशु कार्यक्रमः** आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका २०७८ को दफा १२(१) मा निजी तथा गैरसरकारी अस्पतालले प्रसुति सेवा संचालन गर्ने स्विकृति लिनुपर्ने र स्विकृति लिएपछि उपदफा १६(६) बमोजिम सम्झौता गर्नुपर्ने र सम्झौताको बुदा ७ अनुसार कुनै प्रकारको शुल्क लगाइएको पाइएमा करारनामा रद्द गर्ने व्यवस्था छ । साथै दफा १६(ख) मा सम्झोता अनुसार स्थानिय प्रदेश वा संघवाट बजेट प्राप्त गरि आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम संचालन गर्ने निजी तथा गैरसरकारी अस्पताल, सामुदायिक अस्पताल, शिक्षण अस्पताल प्रतिष्ठान लगायत सम्पूर्ण स्वास्थ्य संस्थाबाट प्रदान गरिने आमा सुरक्षा कार्यक्रमको अनुसुचि १५ र नवजात शिशु कार्यक्रमको अनुसुचि १६ बमोजिमको चेकलिष्ट प्रयोग गरी सम्वन्धित तहले मासिक रुपमा अनिवार्य अनुगमन तथा सुपरिवेक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले सम्झौता अनुसारको कार्य गरे नगरेको अनुगमन तथा सुपरिवेक्षण गर्नुपर्दछ । अस्पताललले गरेको कार्यक्रम निम्नानुसार छनः | |

| भौचर नं मिति | संस्थाको नाम | सेवा दिएको संख्या | रकम |
|---|---|---|---|
| २३।०७८।७।११ | नेपाल परिवार नियोजन संघ सलाही | ६७ | १३४०००।० |
| २४।०७८।७।११ | नमुना अस्पताल हरिवन | ८७ | १७४०००।० |
| ११७।०७८।१२।२१ | नमुना अस्पताल | ६४ | १३७६००।० |
| २१७।०७९।३।१५ | नमुना अस्पताल | ५९ | १२८४००।० |
| २२६।०७९।३।१६ | नेपाल परिवार नियोजन संघ | ९५ | १९२४००।० |
| | | | ७६६४००।० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३.४ | | | **तालिम तथा अन्य कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(८) बमोजिम स्वीकृत कार्यक्रम अनुसार सञ्चालित तालिम, सेमिनार, गोष्ठी तथा कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भइसकेपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विवरण तथा विल भरपाई सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष संञ्चालन गरेका स्वास्थ्य तथा अन्य कार्यक्रममा नियमावलीले निर्देश गरे अनुसारको प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत नगराई कार्यक्रम तथा तालिम गर्ने गरेको छ । पालिकाले नियमावली अनुसार तालिम तथा कार्यक्रम गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३३.५ | | | **स्यानिटरी प्याड-** स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिका भित्रका ८ सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु लाई भनि पालिकाले रु ६६३४८० रकम निकासा गरेको छ ।पालिकाले कार्यालयबाट नै खरिद गरी विद्यालयको माग फारमको आधारमा वितरण गर्नुपर्नेमा सेनेटरी प्याडको रकम विद्यालयलाई पठाएको छ । लेखापरीक्षणको क्रममा सेनेटरी प्याडको श्रेस्ता परिक्षण गर्दा विद्यालयमा निकासा गरेको रकम बराबरको सेनेटरी प्याड खरिद गरेको नदेखिएकोले सेनेटरी प्याड खरिद गरी बाँकी रहेको रकम फिर्ता गरी सघिय संचित कोष दाखिला गर्नुपर्ने रु | १९७,९१० |

| विद्यालय | निकासा रकम | प्याड खरिद विल | बाँकी रकम |
|---|---|---|---|
| महादेव मावि | २८०४४० | १५५९६० | १२४४८० |
| राम अवतार मावि | ८४९६० | ६०००० | २४९६० |
| जनसेवा मावि | ५२५६० | ९६९० | ४२८७० |
| आवि पटौना | १२६०० | ७००० | ५६०० |
| | | जम्मा | १९७९१०।० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३.६ | | | **औषधि खरिद -** पालिकाकालाई आवश्यक पर्ने औषधि मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा २ वर्ष वाँकी हुनु पर्दछ। त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले संघीय शसर्त बजेट उप शिर्षकबाट औषधि र उपकरण सशर्तबाट खरिद गरी ३ फर्मलाई रु.२४९९१७९।० भुक्तानी दिएको छ। पालिकाले पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन । आपूर्ति हुने औषधी तथा औषधीजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ । | |

| भौचर नं मिति | फर्मको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १३९।०७९।१।१५ | नासा मेडिको सप्लार्यस | ९९९९७०।७१ | ३ विलबाट ४६ प्रकारका औषधि |
| १७५।०७९।३।८ | डालिमा मेडिसेल्स | ९९९९६३।७० | ४ विलबाट ४६ प्रकारका औषधि |
| २८६।०७९।३।२३ | गणेश ट्रेडर्स | ४९९२४६।३६ | आइ भि सेट लगायत १९ प्रकारका सर्जिकल औषधि |
| | जम्मा | २४९९१७९।० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३.७ | | | **बिल भरपाई:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39(5) बमोजिम खर्च लेख्नु अघि त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई संलग्न गरी रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।नगरपालिका कर्मचारी रामबाबु चौधरीले पोषण समिक्षा गोष्ठी कार्यक्रमको रु ३४१२५०।० पेश्की फछयौट गरेकोमा उक्त श्रेस्ताको विल भरपाई परिक्षण गर्दा रु ३२५६५०।० को मात्र विल संलग्न भएकोले नपुग रु १५६००।० रकम असुल गर्नुपर्ने रु | १५,६०० |
| ३४ | | | **कृषि पशु तर्फ** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४.१ | २७६। ०७९।३। २३ | | **औषधि वितरणः** कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि २०७८ को दफा ७(क)(ऐ) मा औषधिहरु शाखाले अवलोकन र माग संकलन गरी रोगकिरा नाशक विषादी र उपकरण ५० प्रतिशत अनुदानमा वितरण गर्न गर्नुपर्ने र रोगकिरा महामारीको अवस्थामा स्थानिय तहले निर्णय गरी विषादिजन्य सामाग्रीको निशुल्क वितरण गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले कृषकलाई वितरण गर्न भनी मुकेस एग्रो सेन्टरबाट लियोर ६०० थान तथा ल्यान्प ६०० थान रु ३९९०००।० मा खरिद गरेकोमा सो औषधि कृषकलाई वितरण गर्दा कार्यपालिकाको निर्णय वेगर शत प्रतिशत अनुदानमा वितरण गरेको छ । शत प्रतिशत अनुदान वितरण गर्दा नगरकार्यपालिकाको निर्णय गर्नुपर्ने सो नगरेकोले कार्यपालिकाको निर्णय पेश गर्नुपर्ने रु | ३९९,००० |
| ३४.२ | | | **अनुदानको अनुगमनः** कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धि कार्यविधि २०७८ को दफा १२(३) मा अनुदानग्राहीको अनुगमन गर्नुपपर्ने व्यावस्था छ । सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । नगरपालिकाले देहाय अनुसार कृषि तथा पशु तर्फ अनुदान दिएकोमा पालिकाबाट वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धि मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदान दोहोरोपना नहुने गरी अनुदानग्राहीको जिबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| भौचर नं मिति | अनुदानग्राही | विवरण | रकम | अनुदान प्रतिशत |
|---|---|---|---|---|
| २४३।०७९।३।१९ | सुरभी गाईपालन कृषक समुह | चापकटर मेसिन तथा उन्नत दुधालु गाई | ३००००० | ५० प्रतिशत |
| २४५।०७९।३।२० | विभिन्न कृषक समुहलाई | घासको विरुवा खरिद | ११७५००।० | १०० प्रतिशत अनुदान |
| २७५।०७९।३।२३ | विभिन्न कृषिक समहुलाई | मिनि टिलर मकै गोडने मेसिन सानो थेसर मकै रोप्ने | ५००००० | ५० प्रतिशत अनुदान |
| ३०२।०७९।३।२४ | गणपति वहुउदेशिय कृषक समुह | आपको पकेट | ६१४७५०।० | ५० प्रतिशत अनुदान |
| ३१०।०७९।३।२४ | छार मेन्दो कषि सहकारी संस्था | समरसेल जडा | ४२८०३३।० | ८५ प्रतिशत अनुदान |
| ३११।०७९।३।२४ | प्रगतिसिल कृषक समुह | च्याउ पकेट | ४४१८१४।० | ५० प्रतिशत |
| ३१२।०७९।३।२४ | गणेश महिला कृषक समुह | समरसेल जडान तथा विउ विजन | ३२३०३३।० | समरसेलमा ८५ प्रतिशत वउमा ५० |
| ३१४।०७९।३।२४ | राधा कृष्ण महिला कृषक समुह | समरसेल तथा कृषि सामाग्री | १६९०००।० | ८५ प्रतिशत |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४.३ | | | **पकेट कार्यक्रमः** प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनाको परिच्छेद ४ को ४°१°१ मा साना व्यवसायीक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम संचालन गर्न खाद्यान्न बालीको लागि न्यूनतम २० हेक्टर जमिन हुनुपर्ने उल्लेख गरेको छ । नगरपालिकाले यस वर्ष विभिन्न कृषक समुहलाई ५० देखि ८५ प्रतिशतसम्म अनुदान भुक्तानी गरेको छ । नगरपालिकाले कृषक समुहलाई विभिन्न विउ तथा कृषि सामान ५० देखि ८५ प्रतिशतसम्म अनुदान दिएको देखिन्छ । निर्देशिका अनुसार न्यूनतम २० हेक्टरमा खेती गर्नुपर्नेमा सो अनुसार भएको पाइएन । निर्देशिका अनुसार पुरा भएको कृषक समुहलाई मात्र अनुदान दिने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| ३४.४ | | | **बाख्रा प्रर्वधन कार्यक्रमः** कृषि तथा पशुपन्छि विकास मन्त्रालयको बाख्रा पालन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि २०७७ को दफा ६ मा समुह छनौट गर्दा खाद्य तथा पोषण सुरक्षाको दृर्ष्टिकोणले जोखिम तथा संवेदनशील वर्ग जस्तै भुकम्प र बाढी, पीडित खाद्य असुरक्षित दलित र पिछडीएका आदिवासी महिला र विस्थापित समुदाय हुनपर्ने तथा दफा १०(४) मा बोयर बोका तथा अन्य बाख्रा वितरण गर्दा स्वास्थ्यता र जातिय शुद्धताको प्रमाणपत्र (अनुसुचि २ अनुसारको) जारी गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले निम्न समुहलाई बोयर बोका तथा उन्नत जातको माउ बाख्रा खरिद गरेको विल अनुसार समुहलाई शत प्रतिशत अनुदान दिदाँ बोयर बोका तथा उन्नत जातको माउ बाख्राहरुको जातिय शुद्धताको प्रमाण वेगर १२ समुहलाई पालिकाले रु १०३००००।० अनुदान दिएको छ । पालिकाले अनुदान दिदा विलको साथमा खरिद गरेको बोका तथा बाख्राको सुद्धताको प्रमाण राखेर मात्र अनुदान दिनुपर्नेमा सो नभएकोले वितरित बाख्रा प्रजनन् योग्य छन भन्न सकिएन । कार्यमा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><th>फर्मको नाम</th><th>विवरण</th><th>रकम</th></tr><tr><td>प्रगतिशिल पशुपालन</td><td>माउ बाख्रा २ वेते ५ वटा</td><td>५००००</td></tr><tr><td>वरगाछि पशुपालन</td><td>माउ खाख्रा २ वेते र वोयर (७५ प्रतिशत क्रस)</td><td>१०००००</td></tr><tr><td>ललिता बाख्रा पालन</td><td>माउ बाख्रा ५ थान</td><td>५००००</td></tr><tr><td>स्याङतान कृषि फर्म</td><td>७५ प्रतिशत क्रस बोयर बोका</td><td>५००००</td></tr><tr><td>उमा पशु तथा पंक्षी फर्म</td><td>माउ बाख्रा २ वेते १० वटा</td><td>१०००००</td></tr><tr><td>मा दर्गा पशुपछि</td><td>माउ २ वेते ५ वटा</td><td>५००००</td></tr><tr><td>मिलन चोक महिला फर्म</td><td>पाठि ९ वटा डिपिङ ट्याङक खरिद</td><td>१०००००</td></tr><tr><td>लालभित्री महिला</td><td>पठेङ्क्री खरिद २० वटा</td><td>१०००००</td></tr><tr><td>महिला एकता कृषा बाख्रा</td><td>पठेङ्क्रि खरिद २० वटा</td><td>१०००००</td></tr><tr><td>वावा विनायक एग्रो</td><td>माउ बाख्रा १० वोयर (५० प्रतिशत) १ र पाठी ९ वटा</td><td>२०००००</td></tr><tr><td>शिला वहुउद्वेश्य</td><td>घास काट्ने मिसिन तथा दाना बनाउने ग्रिण्डर</td><td>८००००</td></tr><tr><td>आकृति बहुउद्वेश्य</td><td>माउ बाख्रा ५ वटा</td><td>५००००</td></tr></table> | |
| ३५ | | | **सामाजिक सुरक्षा तर्फ** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५.१ | | | **भत्ता वितरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा १५(२) मा भत्ता भुक्तानी गर्दा सम्बनन्धित लाभग्राहीको बाहेक अन्य व्यक्तिलाई भुक्तानी गरेको पाईएमा यसरी भुक्तानी गर्ने र रकम बुझ्ने दुवैलाई प्रचलित कानुन बमोजिम कारवाही हुने उल्लेख छ । भत्ता रकम विभिन्न बैकले वितरण गरेको रिर्भस फिड परिक्षण गर्दा एउटै बैक एकाउन्ट तर व्यक्ति फरक देखिन्छ । यस सम्वन्धमा कार्यालयले यकिन गरी भत्ता वितरणलाई व्यवस्थित बनाउनुपर्दछ । केही उदाहरण | |

| पहिलो किस्ता वडा ११ | | | | |
|---|---|---|---|---|
| Service Provider Name | Member Name | Regular Amount | Bank Account Number | Deposited Amount |
| Nepal Bank Limited | Hem Kumari Dahal | 12000 | 13210206504748000001 | 7980 |
| Nepal Bank Limited | Sonali Chamar | 1596 | 13210206504748000001 | 7980 |
| Nepal Bank Limited | Ravi Bahadur Khadka | 12000 | 13210206504850000001 | 7980 |
| Nepal Bank Limited | Kusum Kumari Ram | 1596 | 13210206504850000001 | 7980 |
| दोश्रो किस्ता वडा १० | | | | |
| Nepal Bank Limited | Hardeek Prasai | 1596 | 13210206503663000001 | 7980 |
| Nepal Bank Limited | Archana Ram Mahara | 1596 | 13210206503663000001 | 7980 |
| Nepal Bank Limited | Jainab Khatun | 1596 | 13210206503685000001 | 7980 |
| Nepal Bank Limited | Purnima Bishwakarma | 1596 | 13210206503685000001 | 7980 |
| Nepal Bank Limited | Himanshu Basnet | 1596 | 13210206503688000001 | 7980 |
| Nepal Bank Limited | Khusbu Paswan | 1596 | 13210206503688000001 | 7980 |
| Nepal Bank Limited | Evangelina Shrestha | 1596 | 13210206503736000001 | 7980 |
| Nepal Bank Limited | Aarati Kumari Mahara | 1348 | 13210206503736000001 | 7980 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५.२ | | | **लगत कट्टाको अभिलेखः** सामाजिक सुरक्षा संचालन कार्यविधि २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्य भएमा, एकल महिला लाभग्राही विवाह गरेमा वा ऐन नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानुन बमोजिमका सुचकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मुल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष ०७८।७९ मा लगत कट्टा गरेको विवरण र मृत्यु दर्ताको अभिलेख अद्यावधिक गरको देखिएन । जसले गर्दा लगत कट्टा गर्नुपर्ने लाभग्राहीले पनि भत्ता पाइरहेको हो या होइन भनी एकिन गर्न सकिएन । पालिकाले कार्यविधि अनुसार लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्नुपर्दछ । | |
| ३५.३ | | | **दोहोरो भत्ता वितरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ अनुसार भत्ता वितरण गर्दा दोहोरो नपर्ने गरी वितरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न बैंकबाट लाभग्राहीको खातामा भत्ता रकम वितरण गर्दा दोहोरो हुने गरी रकम वितरण भएकोले एउटा रकम सम्बन्धित लाभग्राहीबाट असुल हुनुपर्ने रु | १९०,४२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
| --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- | --- |
| | | | **कैफियत** | **Service Provider Name** | **Member Name** | **Regular Amount** | Bank Account Number | **Deposited Amount** | **वडा तथा किस्ता** | |
| | | | दोहोरो | Prabhu Bank Limited, | Radhika Mahato | 1596 | 0700163920500014 | 1596 | वडा ४ पहिलो किस्ता | |
| | | | | Prabhu Bank Limited | Radhika Mahato | 1596 | 0700163920500014 | 1596 | | |
| | | | दोहोरो | Nepal Bank Limited | Krishna Bahadur Thapa | 12000 | 13210206346825000001 | 12000 | वडा ११ पहिलो किस्ता | |
| | | | | Nepal Bank Limited | Krishna Bahadur Thapa | 12000 | 13210206346825000001 | 12000 | | |
| | | | दोहोरो | Nepal Bank Limited | Bishnu Kumari Khadka | 7980 | 13210207070371000001 | 7980 | | |
| | | | | Nepal Bank Limited | Bishnu Kumari Khadka | 7980 | 13210207070371000001 | 7980 | | |
| | | | दोहोरो | Global Ime Ba | Ritik Kumar Mahato | 1596 | P707010002931 | 1596 | वडा ५ दोश्रो किस्ता | |
| | | | | Global Ime Bank | Ritik Kumar Mahato | 1596 | P707010002931 | 1596 | | |
| | | | दोहोरो | Nepal Bank Limited | Samyog Kharel | 1596 | 13210206747215000001 | 1596 | तेश्रो किस्ता वडा १० | |
| | | | | Nepal Bank Limited | Samyog Kharel | 1596 | 13210206747215000001 | 1596 | | |
| | | | दोहोरो | Nepal Bank Limited | Ratna Maya Shrestha | 12000 | 13210206348517000001 | 12000 | तेश्रो किस्ता वडा ११ | |
| | | | | Nepal Bank Limited | Ratna Maya Shrestha | 12000 | 13210206348517000001 | 12000 | | |
| | | | दोहोरो | Nepal Bank Limited | Khin Maya Gautam | 12000 | 13210206388023000001 | 12000 | | |
| | | | | Nepal Bank Limited | Khina Maya Gautam | 12000 | 13210206388023000001 | 12000 | | |
| | | | दोहोरो | Nepal Bank Limited | Shambhu Mahara | 1029 | 13210206509043000001 | 1029 | | |
| | | | | Nepal Bank Limited | Shambhu Mahara | 1029 | 13210206509043000 | 1029 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | 001 | | | |
| | | | दोहोरो | Nepal Bank Limited | Bal Kumari Pariyar | 7980 | 13210206595538000001 | 7980 | | |
| | | | | Nepal Bank Limited | Bal Kumari Pariyar | 7980 | 13210206595538000001 | 7980 | | |
| | | | दोहोरो | Nepal Bank Limited | Chhaya Mahara Chamar | 1596 | 13210206687349000001 | 1596 | | |
| | | | | Nepal Bank Limited | Chhaya Mahara Chamar | 1596 | 13210206687349000001 | 1596 | | |
| | | | दोहोरो | Nepal Bank Limited | Jikara Nur | 1596 | 13210206766983000001 | 1596 | | |
| | | | | Nepal Bank Limited | Jikara Nur | 1596 | 13210206766983000001 | 1596 | | |
| | | | दोहोरो | Nepal Bank Limited | Saheba Khatun | 202 | 13210206806343000001 | 202 | | |
| | | | | Nepal Bank Limited | Saheba Khatun | 1596 | 13210206806343000001 | 1596 | | |
| | | | दोहोरो | Nepal Bank Limited | Joya Khatun | 1596 | 13210206854229000001 | 1596 | | |
| | | | | Nepal Bank Limited | Joya Khatun | 1596 | 13210206854229000001 | 1596 | | |
| | | | दोहोरो | Nepal Bank Limited | Krishna Sah | 1596 | 13210206889965000001 | 1596 | | |
| | | | | Nepal Bank Limited | Krishna Sah | 1596 | 13210206889965000001 | 1596 | | |
| | | | दोहोरो | Nepal Bank Limited | Shreemati Durga Devi Baniyani | 12000 | 13210206892541000001 | 12000 | | |
| | | | | Nepal Bank Limited | Shrimati Durga Devi Baniyaini | 12000 | 13210206892541000001 | 12000 | | |
| | | | दोहोरो | Nepal Bank Limited | Fatama Khatun | 1596 | 13210206896821000001 | 1596 | | |
| | | | | Nepal Bank Limited | Fatama Khatun | 532 | 13210206896821000001 | 532 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | विवरण | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | दोहोरो | Nepal Bank Limited | Dambar Bahadur Astani | 6384 | 13210206924362000001 | 6384 | | | |
| | | | | | Nepal Bank Limited | Dambar Bahadur Astani | 6384 | 13210206924362000001 | 6384 | | | |
| | | | | दोहोरो | Nepal Bank Limited | Sana Khatun | 1596 | 13210206964671000001 | 1596 | | | |
| | | | | | Nepal Bank Limited | Sana Khatun | 1596 | 13210206964671000001 | 1596 | | | |
| | | | | दोहोरो | Nepal Bank Limited | Bishnu Kumari Khadka | 7980 | 13210207070371000001 | 7980 | | | |
| | | | | | Nepal Bank Limited | Bishnu Kumari Khadka | 7980 | 13210207070371000001 | 7980 | | | |
| | | | | दोहोरो | Nepal Bank Limited | Pad Laxmi Shrestha | 7980 | 13210207152517000001 | 7980 | | | |
| | | | | | Nepal Bank Limited | Pada Laxmi Shrestha | 7980 | 13210207152517000001 | 7980 | | | |
| | | | | दोहोरो | Nepal Bank Limited | Khin Maya Gautam | 12000 | 13210206388023000001 | 12000 | वडा ११ चौथो किस्ता | | |
| | | | | | Nepal Bank Limited | Khina Maya Gautam | 12000 | 13210206388023000001 | 12000 | | | |
| | | | | दोहोरो | Nepal Bank Limited | Ratna Maya Shrestha | 12000 | 13210206348517000001 | 12000 | | | |
| | | | | | Nepal Bank Limited | Ratna Maya Shrestha | 12000 | 13210206348517000001 | 12000 | | | |
| | | | | दोहोरो | Nepal Bank Limited | Sekhin Aasma | 12000 | 13210206347337000001 | 12000 | | | |
| | | | | | Nepal Bank Limited | Sekhin Aasma | 12000 | 13210206347337000001 | 12000 | | | |
| | | | | दोहोरो | Nepal Bank Limited | Shreemati Durga Devi Baniyani | 12000 | 13210206892541000001 | 12000 | | | |
| | | | | | Nepal Bank Limited | Shrimati Durga Devi Baniyaini | 12000 | 13210206892541000001 | 12000 | | | |
| | | | | दोहोरो | Nepal Bank Limited | Bal Kumari Pariyar | 7980 | 13210206595538000001 | 7980 | | | |
| | | | | | Nepal Bank Limited | Bal Kumari Pariyar | 7980 | 13210206595538000 | 7980 | | | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | 001 | | | |
| | | | दोहोरो | Nepal Bank Limited | Dambar Bahadur Astani | 6384 | 13210206924362000 001 | 6384 | | |
| | | | | Nepal Bank Limited | Dambar Bahadur Astani | 6384 | 13210206924362000 001 | 6384 | | |
| | | | दोहोरो | Nepal Bank Limited | Jikara Nur | 1596 | 13210206766983000 001 | 1596 | | |
| | | | | Nepal Bank Limited | Jikara Nur | 1596 | 13210206766983000 001 | 1596 | | |
| | | | दोहोरो | Nepal Bank Limited | Sana Khatun | 1596 | 13210206964671000 001 | 1596 | | |
| | | | | Nepal Bank Limited | Sana Khatun | 1596 | 13210206964671000 001 | 1596 | | |
| | | | दोहोरो | Nepal Bank Limited | Kanchhi May Moktan | 12000 | 13210206810000000 001 | 12000 | वडा १० चौथो किस्ता | |
| | | | | Nepal Bank Limited | Kanchhi Maya Muktan | 12000 | 13210206810000000 001 | 12000 | | |
| | | | दोहोरो | Nepal Bank Limited | Shyam Maya Moktan | 7980 | 13210206468100000 001 | 7980 | | |
| | | | | Nepal Bank Limited | Shyam Maya Muktan | 7980 | 13210206468100000 001 | 7980 | | |
| | | | दोहोरो | Nepal Bank Limited | Aayushka Tamang | 1596 | 13210206690617000 001 | 1596 | | |
| | | | | Nepal Bank Limited | Aayushka Tamang | 1596 | 13210206690617000 001 | 1596 | | |
| | | | दोहोरो | Nepal Bank Limited | Samyog Kharel | 1596 | 13210206747215000 001 | 1596 | | |
| | | | | Nepal Bank Limited | Samyog Kharel | 1596 | 13210206747215000 001 | 1596 | | |
| | | | | | | | जम्मा रकम | 381584 | | |
| | | | | | | | असुल हुनुपर्ने रकम | 190425 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३५.४ | | | **नगरपालिकाबाट सामाजिक सुरक्षा थपः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा १४(१) मा स्थानीय तहले प्रबिष्टि गरेको लाभग्राहीको अद्यावधिक विवरणको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तोकेको दर बमोजिम भत्ता उपलब्ध गराउनुपर्ने तथा दफा १४(३) मा नेपाल सरकारबाट प्राप्त भत्ता रकममा प्रदेश सरकार वा स्थानीय तहले आफ्नौ कोषबाट कुनै पनि रकम थप गरी प्रदान गर्न सक्ने व्यवस्था छैन । नगरपालिकाले सामाजिक भत्ता बापत पहिलो किस्तामा बालबालिका बाहेकका लाभग्राहीलाई नगरसभाबाट निर्णय गरी दशै भत्ता भनी रु १०००।० का दरले नगरपालिका चालुबाट थप गरी रु ४१३७०००।० खर्च लेखेको छ । नगरपालिकाले कार्यविधि विपरित लाभग्राहीलाई दशै भत्ता वितरण गरेकोले थप सुविधा हुन गएको छ । तसर्थ संघिय सुविधामा पालिकावाट यसरी थप गर्दा आफ्नो आयबाट मात्र थप दिन सकिने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३६ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम -**<br>स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिकामा रु ४६६६०००।० विनियोजन भएकोमा २ वडामा २ योजना मात्र सञ्चालन गरी यस वर्ष १६ जनालाई रोजगारी उपलव्ध गराई रु.२१५२२१ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले सबै योजना सञ्चालन गर्नुपर्दछ । | |
| ३७ | | | **ओभरहेड खर्चः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ मा परामर्शदाता वा सेवाप्रदायकलाई ओभरहेड खर्च समावेश गर्ने व्यवस्था छैन । सुरक्षित आप्रवासन परियोजना कार्यक्रको लागि पालिका र बागमति सेवा समाजको सम्झौतामा उल्लेख भएको लागत अनुमानमा ३ प्रतिशत ओभरहेड समावेस रु २८०००००।०(मु.अ कर समेत) को लागत अनुमान तयार गरेकोमा सोही अनुसार ओभरहेड समावेश गरी संस्थालाई रु २७५९८४१।०(मु.अ कर समेत) भुक्तानी गरेको छ । प्रचलित नियममा व्यवस्था नभएको ओभरहेड बापतको रु ८२६८७।० र सोको भ्याट बापत रु १०७४९।० गरी जम्मा ९३४३६।० असुल गरी दाखिला गर्नुपर्ने रु | ९३,४३६ |
| ३८ | | | **लघु उद्यम** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३८.१</td><td></td><td></td><td>विलभर्पाईः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ बमोजिम खर्च लेखिएका रकमको विल भर्पाई गोश्वरा भौचर साथ संलग्न गरी राख्नुपर्दछ । नगरपालिकाले लघु उद्यमीका लागि ८० प्रतिशत अनुदानमा दिनको लागि इन्टरलक मेसिन झुकी २ थान रु १५५९४०।० (मुअकर समेत) खरिद गरेकोमा सो प्रविधि लेखापरीक्षणको अवधिसम्म पनि वितरण नभई भण्डार शाखामा रहेकोले सो प्रविधि सम्वन्धित उद्यमीबाट २० प्रतिशत रकम जम्मा गर्न लगाई प्रविधि हस्तान्तरण गरी सो हस्तान्तरण गरेको भरपाई पेश गर्नुपर्ने रु</td><td>१५५,९४०</td></tr>
<tr><td>३८.२</td><td></td><td></td><td>सीप विकास तालिम- गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को बुँदा २८ मा उद्यमशीलता विकास तालिम लिएका सहभागीहरु मध्येबाट व्यावसायिक योजना, उद्यमीको प्रकृति अनुसार विभिन्न समूहमा आबद्ध गरी सीप विकास तालिम सञ्चालन गर्नु पर्ने व्यवस्था छ । पालिकाका सीप विकास तालिम (बाख्रा पालन, सिलाई कटाइ, बेमौसमि तरकारी खेति, साबुन र सर्फ बनाउने लगायतका) दिएको छ । पालिकाले उद्यशीलता विकास तालिम नलिएका र जेसीएमआईएस सफ्टवेयर तथ्याङ्क अद्यावधिक नभएका व्यक्तिहरु समावेश गरी तालिम सञ्चालन गरेको छ ।</td><td></td></tr>
<tr><td>३८.३</td><td></td><td></td><td>संयोजक भत्ताः अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७७ तथा प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ को दफा १५(७क) मा स्थानिय स्तरमा प्रति दिन संयोजक भत्ता रु 400।0 लिन सक्ने व्यवस्था छ । पालिकाले लघु उद्यमका विभिन्न सिप विकास तालिम संचालन गर्दा निर्देशिकाले तोकेको दर भन्दा बढी दर राखी संयोजक भत्ता खर्च लेखेको छ । संयोजक भत्ता वापत बढी खर्च लेखेको रकम असुल गर्नुपर्ने रु
<table>
<tr><th>गो.भौ मिति</th><th>तालिम</th><th>संयोजक भत्ता लिने कर्मचारी</th><th>दिन</th><th>बढी दर</th><th>बढी रकम</th></tr>
<tr><td>१२९।०७८।१२।३०</td><td>च्याउ उत्पादन</td><td>ललिता विश्वकर्मा</td><td>८</td><td>४००</td><td>२७२०।०</td></tr>
<tr><td>२८७।०७९।३।२३</td><td>बेमौसमि तरकारी खेती</td><td>सुसिला रौनियार</td><td>१५</td><td>400</td><td>५१००।०</td></tr>
<tr><td>२८८।०७९।३।२३</td><td>बाख्रा पालन</td><td>गोपाल नाथ श्रेष्ठ</td><td>10</td><td>400</td><td>३४००।०</td></tr>
<tr><td>२८9।०७९।३।२३</td><td>बाख्रा पालन</td><td>गोपाल नाथ श्रेष्ठ</td><td>10</td><td>400</td><td>३४००।०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td>१४६२०।०</td></tr>
</table></td><td>१४,६२०</td></tr>
<tr><td>३९</td><td></td><td></td><td>प्रदेश पुजीगत तर्फ</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९.१ | | | **ग्राभेल कार्यः** मधेश प्रदेशको कार्यक्रम अनुसार ३ वटा वाटोमा ग्राभेलको कार्यक्रम रु ५००००००।० को दरले भएकोमा सवैमा उपभोक्ता समितिसंग सम्झौता भै कार्य सम्पन्न भएको छ । उपभोक्ता समितिसंग वर्षान्तमा मात्र कार्य सम्झौता भै छोटो अवधिमै ग्राभेल कार्य सम्पन्न भएको देखिन्छ । जस्तै गो भौ ४।०७९।३।२४ बाट हरिवन ७ महतो टोलमा मिति २०७९।३।९ मा १४४७ मिटर बाटो ग्राभेलको सम्झौता भएकोमा ०७९।३।२१ मा नै सम्पन्न भै रु ५० लाख भुक्तानी भएको देखिन्छ । सवै ३ वटै ग्राभेल कार्यमा मेशिनरी साधन भाडामा लिई कार्य गरिएको छ । साथै एस आर कसंट्रक्सनको भाडा र सामग्री गरी रु ५११७२३२।० को विल संलग्न गरी उपभोक्ता समितिलाई रु ५० लाखका दरले भुक्तानी दिएको छ । यसरी उपभोक्ता समितिवाट कार्य गर्न सम्झौता गर्ने तर निर्माण व्यावशायी बाट सवै कार्य भएको देखिदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ९ विपरित प्राविधिकको सिफारिस विना समेत कार्य भएको देखिन्छ । यसरी उपभोक्ता समितिवाट कार्य गराइनु उपयुक्त भएन । | |
| ३९.२ | | | **फरक दरः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० बमोजिम लागत इष्टिमेट तयार गर्दा तोकिएको नर्म्स बमोजिम जिल्ला दररेटलाई आधार लिई तयार गर्ने र सोही बमोजिम सम्झौता एंव भुक्तानी गरिनुपर्दछ । पालिकाले निम्नानुसार प्रदेश कार्यक्रमको ग्राभेल कार्यमा हुन आउने दर भन्दा बढी दरले Providing Laying Spreding Watering Laveling and Compation of natural sand Gravel Sub Base Grading As per Standard Specification को कार्य गरेको छ । यसरी उक्त कार्यमा हुन आउने दर एव नगरपालिकाको पूजीगत कार्यक्रममा भन्दा बढी दरले समेत भुक्तानी भएकोमा कतै लखनदेही खोलाबाट र कतै बागमती खोलाबाट ढुवानी गर्नुपरेको भनी उल्लेख गरेको पाईएकोले उक्त रकम थप व्ययभार पर्न गएको रु (तालिका तल) | २,३९९,१५३.६ |

| गो भौ मिति | कार्य | हुनेनर्म्स अनुसार | भुक्तानीभएको दर | सम्पन्नपरिमाण घ मि | बढी दर | जम्मारकम रु |
|---|---|---|---|---|---|---|
| ४।०७९।३।२४ | महतोटोलसडक स्तरोन्नती | १२१७.०५ | १७२६.६३ | १५८४. | ५०९.५८ | 807,174.7 |
| १२।०७९।३।२५ | नयाँरोडपानी ट्याङ्की सडक स्तरोन्नती | १२१७.०५ | १७२६.६३ | १५८२. | ५०९.५८ | 806,155.6 |
| १३।०७९।३।२५ | सुजुकी रोडदेखी वडा कार्यालय जानेबाटो | १२१७.०५ | १७२६.६३ | १५४२.१ | ५०९.५८ | 785,823.3 |
| | | | | | जम्मा | 2,399,153.6 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **एकिकृत स्वास्थ्य पूर्वाधार** | |
| ४०.१ | | | अस्पताल निर्माणको लागि चक्रेश्वर/ब्राइट जेभिसंग मिति ०७९।३।२७ मा सम्पन्न गर्नुपर्ने गरी २०७८।३।२९ मा रु ९५६५३५९३।५८ को सम्झौता भएकोमा यस आवमा २ वटा रनिङ विलवाट रु ३५६३३०००।० भुक्तानी भएकोमा रु ३००००००।० मोविलाईजेशन पेश्की कट्टी भएको छ । समय तालिका बमोजिम निर्माण गरी कार्यसम्पन्न गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४०.२ | | | निज निर्माण व्यावशायीले कर विजक काठमाण्डौ प्रधान कार्यालय र साइड कार्यालय सर्लाहीवाट समेत जारी गर्ने गरेको देखियो । रितपुर्वक प्रत्येक आवको विजक क्रम संख्या राखी मूल्य अभिवृद्धि कर नियमावली बमोजिम विजक जारी गर्नुपर्दछ । | |
| ४१ | | | **कर** | |
| ४१.१ | | | **विजक भन्दा बढी भुक्तानीः २००।२८१।०७९।१।१६ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा खर्च लेखेएका रकमको विल भरपाई श्रेस्तासाथ संलग्न गर्नुपर्ने व्यावस्था छ ।पालिकाले युनि ग्लोवल कंसट्रक्सनलाई नियमित रनिङ विल र भेरियशन आदेशको छुटै विजक अनुसार रु ११६३५५०६।८० भुक्तानी दिएकोमा रु ११४६५५०६।८० को मात्र निज निर्माण व्यवसायीको विजक संलग्न रहेकोले विजक भन्दा बढी रु १७००००।० भुक्तानी भएकोले सो को कुनै समायोजन गरेको समेत नदेखिएको हुदा उक्त रकम असुल गर्नुपर्ने रु** | १७०,००० |
| ४१.२ | | | **कर विजकः** ३।०७९।३।२४ मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ एव नियमावलीको नियम १७ बमोजिम तोकिएको कर विजक बमोजिम जारी भएको मूल्य अभिवृद्धि कर विजकमा मात्र कर भुक्तानी दिईनु पर्दछ । पालिकाले बहुदरमाई कंस्ट्रक्सन(६०६८६३५१५) लाई सडक कालोपत्रे कार्य वापत रु २१३२१०६।० को विजकमा रु २७२४१७।० मू अ कर भुक्तानी भएकोमा नीजको कर विजक नभनी विजक मात्र उल्लेख भएको हुदा सोको मुअकर निजले समायोजन गरेको छ भन्न नसकिने भएकोले सो समायोजन प्रमाण पेश गर्नुपर्ने रु | २७२,४१७ |
| ४२ | | | **अधुरो कार्यमै ठेक्का सम्पन्नः**<br>**अधुरो कार्यमै ठेक्का सम्पन्नः** १४६।०७९।३।४ सार्वजनिक खरिद नियमावली १२० बमोजिम समयमा निर्माण व्यावशायीले कार्य सम्पन्न गर्न नसक्ने पर्याप्त कारण भएमा समयमा निवेदन दिई म्याद थप गर्न सकिने व्यवस्था छ । साथै सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९(२) क मा निर्माण व्यवशायीले समयमा कार्य गर्न नसकेमा ठेक्का तोडी सम्झौताको अन्त्य गर्न सकिने र बाँकी कार्यको लागि नयाँ कार्य प्रकृया गरी कार्य गर्ने एव पुरानो निर्माण व्यावशायीसँग फरक दर पर्न गएमा निजबाट थप व्यय पर्न गएको रकम असुल गरी कार्यसम्पन्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले वडा नं ३ र ४ मा खानेपानी आपूर्तिका लागि निर्माण व्यावशायी के एम कंसट्रक्सनसँग रु ४५२८८०६।० मा कार्य सम्झौता भएकोमा २०७९ असार मसान्तसम्म सम्पन्न गर्नुपर्नेमा करिब ३३ प्रतिशत मात्र कार्य भै रु १७९३५८२।६४ भुक्तानी भएको छ । सोही आधारमा निजको कार्यको कार्य सम्पन्न प्रतिवेदन तयार गरी संलग्न गरिएको छ । यसरी न्यून कार्य एव परिमाण सम्पन्नकै आधारमा कार्यसम्पन्न गरी निर्माण व्यावशायीलाई भुक्तानी दिएको पाइएकोले ऐनको दफा ५९ बमोजिम प्रकृया पुरा गरी सो बाँकी कार्य पुरा गर्नुपर्ने रु | २,७३५,२२४ |
| ४३ | | | **नेपाल शहरि शासकिय तथा पुर्वाधार** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३.१ | | | **नर्म्स भन्दा बढी भुक्तानीः** ४३।०७९।१।१५ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा जिल्ला दररेटको आधारमा लागत ईष्टिमेट तयार गर्नुपर्ने व्यावस्था छ । पालिकाले विभिन्न ब्लक विछ्याउने कार्यमा लागत ईष्टिमेट तयार गर्दा फरक फरक दरले गरेको देखिन्छ । ढुवानी गर्नु नपर्ने वा थोरै ढुवानी गर्नुपर्ने ठाउमा बढी दर एव लामो दुरीमा घटी दरले प्रति वर्ग मिटर समेत भुक्तानी भएको समेत देखिन्छ । पालिकाले प्रति वर्गमिटर कतै रु ११९१।२० छ भने केहीमा १२१७।०१५ पनि उपभोक्ता समितिलाई भुक्तानी छ । स्वीकृत दररेट एव नर्म्स बमोजिम लागत इष्टिमेट विश्लेषण गर्दा रु १२१७।१५ प्रति वर्ग मिटर भएको मा हरिवन बजार भित्र ब्लक विछ्याउने कार्य वापत उपभोक्ता समितिलाई ६८१.४३ वर्गमिटरको रु १३५४।४४ दरले भुक्तानी दिएको हुँदा प्रति वर्गगमिटर रु १३७।२९ दरले ६८१।४३ वर्गमिटरको हुने रु ९३५५४।० असुल गर्नुपर्ने रु | ९३,५५४ |
| ४३.२ | | | नेपाल शहरि शासकिय तथा पुर्वाधार आयोजनाको संचालन निर्देशिकाको भाग २ अनुसुचिको बुदा ३ मा छनौट गर्न सकिने उप आयोजनाहरु सडक, पानी, ढल खानेपानी सरसफाइ, स्वास्थ्य, शिक्षा सार्वजनिक स्थल, पार्क, बजार, वातावरण सम्बन्धित क्षेत्र तोकिएको छ । तर पालिकाले वडा कार्यालय निर्माण नगरपालिका कंपाउण्ड वगैचा जस्ता कार्यहरुमा पनि खर्च गरेको छ । यसरी उपभोक्ता प्रत्यक्ष रुपमा लाभान्वित नभै परोक्ष रुपमा लाभान्वित हुने कार्य समेतको उपआयोजना छनौट भै कार्य गरेको उपयुक्त क्षेत्र मान्न सकिएन । | |
| ४३.३ | | | पालिकाले आयोजनाको निर्माण कार्यको दर विश्लेषण गर्दा दक्ष कामदार र साधारण श्रमिक बारे एकिन विश्लेषण गरेको पाइएन । औषत श्रमिक संख्या दक्ष र अदक्ष राखी विश्लेषण गरेता पनि वास्तविक रुपमा डोर हाजिर र दर विश्लेषणबाट कार्यमा हुन आएको संख्या खासै मिल्न गएको देखिएन । | |
| ४४ | | | **ढिला खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ बमोजिम कार्यालयले प्रदेश अन्तर मन्त्रालयगत बजेट सुचना प्रणाली बमोजिम बजेट प्राप्त गरेपछि समयमा ठेक्का पट्टा लगायतका कार्य पुरा गरी खर्च लेख्नुपर्दछ । यस कार्यक्रम अन्तर्गत प्राप्त बजेट आर्थिक वर्ष अन्तमा मात्र(असार २४) कारोवार शुरु गरेको देखिन्छ । समयमा प्रकृया पुरा गरी भुक्तानी गरिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **विद्यालय भौतिक पूर्वाधार निर्माण**<br>**विद्यालय भौतिक पूर्वाधार निर्माण**- शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २,४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि श्री महादेव जनता माविलाई कक्षा ११ स्तरोन्नतीका लागि रु.७५०००००।० निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात परिक्षण गर्दा उक्त रकमबाट विद्यालय भवन र ब्लक राखी निमाण भएको रु ७४३८५३४।० को नापी किताब र रनिङ विल पेश भएकोले बाकी रकम रु ६१४६६।० असुल गरी विद्यालयको निर्माण कार्य सम्पन्नको पत्र समेत पेश हुनुपर्ने रु | ६१,४६६ |
| ४६ | | | **श्रेस्ता पेश नभएकोः**<br>**श्रेस्ता पेश नभएकोः** २३।०७९।१।४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ बमोजिम खर्च गरिएको रकमको विल भर्पाई दुरुस्त गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाको बैक नगदी किताव अनुसार यस गोश्वारा भौचरबाट रु १६९५९७६।५० बजेट खर्च देखिएकोमा सोको श्रेस्ता पेश नभएको रु | १,६९५,९७६ |
